
# लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## शहिद लखन गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/423

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपालसार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षाको रु. १८,९७,८३,२७३।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३४,९०,०००।-, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु. ६६,६०,५९४।-, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. १,१४,७३,३११।-, पर्यटन पर्वाधार विकास कार्यक्रमको रु. ८,६९,७२०।-, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को रु.२,९५,४७९।- र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रु.१८,७७,२४७।गरी जम्मा रु.२१,४४,४९,६२४।-समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब ५० करोड ७१ लाख ७१ हजारको लेखापरीक्षण गरिएकोमा रु. २ करोड ८४ लाख १७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.९५ लाख २० हजारको प्रतिक्रिया उपर कारवाही भई कायम भएको बाँकी बेरुजु रु.१ करोड ८८ लाख ९७ हजार मध्ये असुल गर्नुपर्ने रु. २० लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ४३ लाख ८८ हजार र नियमित गर्नुपर्ने रु. १ करोड २४ लाख ४६ हजार रहेको छ। गत वर्षसम्म रु. ६ करोड ८३ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ६९ लाख ५२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७५ | ७९ | २८४१७६९६ | १ | ३८ | ९५२०६४२ | ० | ७४ | ४१ | १८८९७०५४ | २०६२६६६ | १२४४५९२९ | ४३८८४५९ | ० | ० | १६८३४३८८ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ६८३७८००० | ० | ३२३१८२ | ६८०५४८१८ | ० | १८८९७०५४ | ८६९५१८७२ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको छोटकरी बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८९.३ | सामाजिक सुरक्षातर्फ | ११९३८८.० |
| २ | २०८०/८१ | ३७ | संघीय राजश्व दाखिला नगरेको | १८२१५०.० |
| ३ | २०८०/८१ | ३० | राजस्व बाँडफाँट | ०.० |
| ४ | २०८०/८१ | ४४ | बढी भुक्तानी | २७३३४.० |
| ५ | २०८०/८१ | ५४ | प्रमाण र पुष्ट्याइ | ६०७१८९.० |
| ६ | २०८०/८१ | ७४ | पारिश्रमिक कर | ३५३८९.० |
| ७ | २०८०/८१ | ५७ | न्यून बिजकीकरण | ३०८४३.० |
| ८ | २०८०/८१ | ३६ | ढुंगा र ग्राभेलको शुल्क असुली | ८१२८४९८.६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ८२ | कृषि एप (सफ्टवेयर) | ३८९८५०.० |
| १० | २०७८/७९ | ४३ | मृत्यु पश्चात भत्ता भुक्तानी | ४०६४५.० |
| ११ | २०७७/७८ | २३.२ | ठेक्का व्यवस्थापन सम्बन्धमा | २८२५३७.० |

# (८०४३६५०७३०० - शहिद लखन गाउँपालिका, गोरखा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १४९ वर्ग किलोमिटर तथा २३,०७६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।५ देखि २०८१। ९।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्यय जम्मा रु.१,५०,७१,७१,३७५।७४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४,९८,४५४।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | २४७२०४ |
| २ | दोहोरो भत्ता | ८९२५० |
| ३ | दोहोरो सुविधा | १६२००० |
| | जम्मा | ४९८४५४ |

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| विबरण | रकम | विबरण | रकम |
| **गत वर्षको अल्या** | | **गा.पा. चालु खर्च** | ३७०५६३७५३.९१ |
| संचित कोष | ३६६६८१२०.४९ | **गा.पा. पूंजिगत खर्च** | १५५७९०६२२.०० |
| धरौटी | १३१९६७०८.६८ | **कुल खर्च** | ५२६३५४३७५.९१ |
| बिबिध कोष खाता | ५७२७०२३.५० | | |
| प्रकोप व्यवस्थापन कोष | ७१५८७.०७ | **संघीय सरकारबाट प्राप्त अनुदान** | २४१७०८४४१.८० |
| **जम्मा** | ५५६६३४३९.७४ | सशर्त अनुदान चालु | २१७४४०३८५.८० |
| **आन्तरिक राजस्व** | २९२१८००७.४३ | सशर्त अनुदान पूंजीगत | ६७६८०५६.०० |
| **जनसहभागिता** | ६३३७५०.०० | समपुरक अनुदान | १७५००००.०० |
| **राजस्व बाँडफाँट** | | प्रदेश सरकारबाट प्राप्त अनुदान | ८०८७५००.०० |
| राजस्व बाँडफाँट मालपोत समेत | १९५९६६०.५० | सशर्त अनुदान | ३६६२५००.०० |
| राजस्व बाँडफाँड - संघीय सरकार | ८९९४५९७६.५५ | समपुरक अनुदान | ४४२५०००.०० |
| राजस्व बाँडफाँड - प्रदेश सरकार | ७७६९८९४.०० | आन्तरिक खर्च | २७६५५८४३४.११ |
| बाँडफाँडबाट प्राप्त राजश्व स्थानीय दहत्तर बहत्तर | २५१७७६.५७ | चालु | १४९४६०८६८.११ |
| **जम्मा** | ९९९२७३०७.६२ | पुँजीगत | १२७०९७५६६.०० |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | | अन्य | ११११११७८०.०० |
| वित्तीय समानीकरण अनुदान | १३१३१६०००.०० | धरौटी फिर्ता | २४९१७३१.०० |
| सशर्त अनुदान चालु | २१७४४०३८५.८० | बिबिध कोष खाता खर्च | ८६२००४९.०० |
| सशर्त अनुदान पूंजीगत | ६७६८०५६.०० | प्रकोप व्यवस्थापन कोष खर्च | ०.०० |
| समपुरक अनुदान | १७५००००.०० | अन्तरसरकारी अख्तियारी संघ | |
| विशेष अनुदान | ०.०० | सामाजिक सुरक्षा | १८९७८३२७३.०० |
| **जम्मा** | ३७३०२४४४१.८० | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४९००००.०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ६६६०५९४.०० |
| वित्तीय समानीकरण अनुदान | १५४५३०००.०० | स्थानीय तह पप्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ११४७३३११.०० |
| सशर्त अनुदान | ३६६२५००.०० | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ८६९७२०.०० |
| समपुरक अनुदान | ४४२५०००.०० | प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परीषद् | २९५४७९.०० |
| विशेष अनुदान | ०.०० | मुख्यमन्त्री तथा मन्त्री परीषद् कार्यालय | १८७७२४७.०० |
| **जम्मा** | २३५४०५००.०० | **जम्मा** | २१४४४९६२४.०० |
| **कोषहरू** | | **बैङ्क मौज्दात** | |
| स्थानीय शासन | ३८०९९९.९८ | संचित कोष | ३६६५७७५१.४३ |
| मनकामना | १३४२७०९.०० | धरौटी | १६३१६०७७.६८ |
| सडक बोर्ड | २४९३४०६.०० | बिबिध कोष खाता | ०.०० |
| बिबिध कोष खाता अन्य आय | ६३३७५०.०० | प्रकोप व्यवस्थापन कोष | ४०७१५८७.०७ |
| प्रकोप व्यवस्थापन कोष आय | ४००००००.०० | बिबिध खर्च खाता | १९५७८३९.४८ |
| जम्मा | ८८५०८६४.९८ | **जम्मा** | ५९००३२५५.६६ |
| **धरौटी आय** | ५६११११००.०० | | |
| **अन्तरसरकारी अख्तियारी** | | | |
| सामाजिक सुरक्षा | १८९७८३२७३.०० | | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३४९००००.०० | | |
| एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ६६६०५९४.०० | | |
| स्थानीय तह पप्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ११४७३३११.०० | | |
| पर्यटन पर्वाधार विकास कार्यक्रम | ८६९७२०.०० | | |
| प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परीषद् | २९५४७९.०० | | |
| मुख्यमन्त्री तथा मन्त्री परीषद् कार्यालय | १८७७२४७.०० | | |
| **जम्मा** | २१४४४९६२४.०० | | |
| **कुल जम्मा** | ८१०९१९०३५.५७ | **कुल जम्मा** | ८१०९१९०३५.५७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ति र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोबार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाई विश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाई विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा नं. ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा नं. ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघीय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार विकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।
- **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सुत्र मार्फत (म.ले.प.फा.नं २७०) को बिस्तृत बिबरण तयार गरेको छैन । सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।७ मा रू.६४ करोड ३ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ७३.९२ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५१२७०००.०० | २६७७४१९४.६४ | ५.०९ |
| २ | सामाजिक विकास | २६०६१४०००.०० | २२०६१३६९९.०० | ४१.९१ |
| ३ | पूर्वाधार विकास | १४८१५७५५८.०० | ११६४७८१८०.०० | २२.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धि क्षेत्र | ७७५००००.०० | ४३०५९१९.०० | ०.८२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १८८६६०३७७.०० | १५८१८२३८३.२७ | ३०.०५ |
| | **कुल जम्मा** | **६४०३०८९३५.००** | **५२६३५४३७५.९१** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१.९१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी ०.८२ प्रतिशत रहेको छ ।

६ **खर्च विश्लेषण**

यस पालिकाले अघिल्लो आ.व.२०७९।०८० बाट प्राप्त अ.ल्या मौज्दात रू.५,५६,६३,४३९।७४ यस बर्ष कुल आन्तरिक आय रू.२,९२,१८,००७।४३, जनसहभागिता रू.६,३३,७५०।- र राजस्व बाँडफाँटबाट रू.९,९९,२७,३०७।६२ तथा अनुदानबाट रू.३९,६५,६४,९४१।८० समेत रू.५८,२०,०७,४४६।५९ आम्दानी भएकोमा चालु तर्फ रू.३७,०५,६३,७५३।९१ र पुँजीगततर्फ रू. १५,५७,९०,६२२।- समेत रू.५२,६३,५४,३७५.९१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.५० प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

७ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमामसिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजिगत खर्चतर्फ | १५५७९०६२२ | २१११९०३२ | ७७७७३६४ | ५०२१०६७० | ७६६८३५५६ | ३८३१७०६४ |
| प्रतिशत | १००.०० | १३.५६ | ४.९९ | ३२.२३ | ४९.२२ | २४.६० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१५,५७,९०,६२२।- खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२,११,१९,०३२।- (१३.५६ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.७७,७७,३६४।- (४.९९ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.५,०२,१०,६७०।- (३२.२३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.७,६६,८३,५५६।- (४९.२२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.३,८३,१७,०६४।- (२४.६० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

### ८ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन वजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने व्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.५७,९८,६१०।५७ र यो वर्षको थप रू.४६,३३,७५०।- समेत रू.१,०४,३२,३६०।५७ आय र रू.४४,०२,९३४।०२ खर्च गरी रू.६०,२९,४२६।५५ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | कोषको नाम | सुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको खर्च | बाँकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | ७१५८७.०७ | ४००००००.०० | ४०७१५८७.०७ | ०.०० | ४०७१५८७.०७ |
| २ | विविध खर्च खाता | ५७२७०२३.५० | ६३३७५०.०० | ६३६०७७३.५० | ४४०२९३४.०२ | १९५७८३९.४८ |
| | जम्मा | ५७९८६१०.५७ | ४६३३७५०.०० | १०४३२३६०.५७ | ४४०२९३४.०२ | ६०२९४२६.५५ |

### ९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वयन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,

- दिगो विकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरूको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

**शिक्षातर्फ**

- पालिका भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन,

- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रू.२० हजार भन्दा कम रकमका विभिन्न विलहरू मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- राजस्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरू सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी हुदा सम्झौता तथा कार्यादेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १० आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ उपदफा (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखा परीक्षण गराउनु पर्ने र आन्तरीक लेखापरीक्षणले औंल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख रहेको छ ।आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ उपदफा (१) मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने उल्लेख रहेको छ । यस पालिकाको कार्यालयमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको र उक्त शाखामा आन्तरिक लेखापरीक्षकको पदपूर्ति गतबिगत बर्षदेखि भइरहेको देखिएतापनि उक्त जनशक्तिलाई अन्य शाखाको काममा खटाएको कारण जनाइ आन्तरिक लेखापरीक्षकले गतबिगत बर्षमा अन्तिम लेखापरीण प्रतिवेदनमा औंल्याइएका सैद्धान्तिक समेतको एक संक्षिप्त प्रतिवेदन जारी गरेको पाइएकोले पालिकाले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण शाखामा तोकिएको दक्ष जनशक्ति आवश्यक संख्यामा पदपूर्ति गरी स्वतन्त्र र वस्तुपरक रुपमा आन्तरिक लेखापरीक्षण गराइ समयमै प्रतिवेदन लिने र उक्त प्रतिवेदनमा औंल्याएका व्यहोराहरूको यथाशिघ्र सुधार गरी गराइ आर्थिक प्रशासनलाई कानुन बमोजिम थप चुस्त दुरुस्त तुल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

## ११ योजना तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका

आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहाय अनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रू.१ लाख भन्दा कमको योजना | ९ | ४५०००० |
| २ | रू.एक लाख एक देखि पाँच लाख सम्मका योजना | १३४ | ३०५६५००० |
| ३ | रू.५ लाख देखि १० लाख सम्मका योजना | २७ | १३४००००० |
| ४ | दश लाख एक देखि माथिका योजना | १९ | ९२९१७००० |
| | **जम्मा** | **१८९** | **१३७३३२०००** |

## १२ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरूको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## १३ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २८ कर्मचारीको रु. १ करोड ९६ लाख ४४ हजार र पालिकाका चालुतर्फ २७ कर्मचारीको रू.१ करोड ७७ लाख ४६ हजार २ सय गरी रु. ३ करोड ७३ लाख ९० हजार २ सय खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १४ कर्मचारी दरबन्दी तथा करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधिउपचार सम्बन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरबन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई विगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ९९ जनाको दरबन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले १७८ जनाको दरबन्दी स्वीकृत गरी सोमध्ये ७९ (२५ कार्यालय सहयोगी समेत र संशर्त कार्यक्रम ८ जनाको समेत) जना करारमा राखी रू.२,७८,८९,९२७।- भुक्तानी दिई खर्च लेखेको विवरण प्राप्त भएको छ । कार्यालयले सङ्गठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरबन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक स्रोतको विश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरबन्दी थप गर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाई यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन । यसमा कानुन बमोजिम सुधार हुनुपर्दछ ।

१५ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ४८ जना पदाधिकारीहरूलाई रू.९८,०२,६००।- पदाधिकारी सुविधा र पदाधिकारीहरूको सभा, कार्यापालिका, वडा समिति, विषयगत समिति, पदाधिकारी बीमा गरी रू. २६,६९,०००।- समेत रू.१,२४,७१,६००।- खर्च लेखी भुक्तानी गरेको छ । कानुन बमोजिम दोहोरो परे नपरेको यकिन हुन नसकेकोले दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

१६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न १२० जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा अध्यक्ष र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रू.१९,६५,६२५।- आर्थिक सहायता वितरण गरेको विवरण प्राप्त भएको छ। आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था गरी पारदर्शिता कायम गराई निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१७ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना, खाजा तथा अन्य विविध खर्च लगायतमा रू.६६,४४,४७९।- खर्च गरेको विवरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरणः

| गो भौ मिति | विवरण | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम |
|---|---|---|---|
| १९ २०८०।६।१८ | खाना खाजा तथा विविध | हिमालय होटल | २०८९५० |
| ९७ २०८०।७।२२ | खाना खाजा तथा विविध | हिमालय होटल | ३७६५० |
| १६१ २०८०।९।५ | खाना खाजा तथा विविध | हिमालय होटल | ५४८५० |
| २८६ २०८०।११।९ | खाना खाजा तथा विविध | हिमालय होटल | ८९१७५ |
| ११४९ २०८१।३।२४ | खाना खाजा तथा विविध | द चौतारी होटल | ३०१०० |
| १०४३ २०८१।३।२३ | खाना खाजा तथा विविध | हिमालय होटल | ५८४५० |
| | | द चौतारी होटल | ९०७२५ |
| ७३० २०८१।३।१४ | खाना खाजा तथा विविध | द चौतारी होटल | १३१५०० |
| **जम्मा** | | | **७०१४००** |

१८ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नुपर्दछ ।

१९ **जिन्सी दाखिला**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षण सम्बन्धी व्यवस्थाहरू रहेका छन् ।त्यसैगरी नियम ९९ मा कार्यालयले वर्षको एक

पटक एक ३ सदस्यीय समिति मार्फत जिन्सी निरीक्षण गराउनु पर्ने, उक्त निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने व्यहोराहरू र निरीक्षण प्रतिवेदन कार्यान्वयनको सम्वन्धमा उल्लेख रहेको छ ।पालिकाले योवर्ष जिन्सी निरीक्षण गराउन समिति गठन गरी विगत वर्ष जस्तै यो वर्ष समेत जिन्सी निरीक्षण गरी प्रतिवेदन लिएको जनाइएको छ ।यसरी पालिकाले हरेक वर्ष गर्ने गरेको जिन्सी निरीक्षणमा सोही वर्ष मात्र खरिद गरेका तर खर्च भएर नजाने जिन्सी सामानको मात्र निरीक्षण गरी प्रतिवेदन लिने गरेको पइयो ।जसले गर्दा खर्च भएर जाने र नजाने सबै प्रकारका सम्पत्तिहरू र गत विगत वर्षका सम्पत्तिहरूको यथार्थ अवस्था यकिन हुन सकेन। त्यसैगरी मातहतका वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूले पालिका मार्फत बाहेक खरिद वा प्राप्त गरेका जिन्सी तथा सम्पत्तिहरू( खप्ने र खर्च हुने ) को समेत निरीक्षण गरी प्रतिवेदन लिने गरेको नदेखिदा सम्पत्तिको यथार्थ अवस्था यकिन हुन सकेन ।जसले गर्दा कानुनले तोकिए बमोजिम जिन्सी तथा सम्पत्तिहरूको निरीक्षण भई प्रतिवेदन तयार भएको पाइएन भने अर्को तर्फ विगत वर्षका सबै प्रकारका जिन्सी सम्पत्ति र यो वर्षको खर्च भएर जाने जिन्सी सम्पत्तिको पालिका र मातहतका निकायमा दुरुपयोग भएको छैन,हिनामिना र हानीनोक्सानी हुन नपाई सम्पत्तिको संरक्षण भएको छ भन्न सकिने अवस्था देखिन आएन। यसमा सम्बन्धितको ध्यान गई सुधार हुनुपर्दछ ।

## २० सिफारिस

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छः

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ६२२ |
| मृत्युदर्ता | ३०५ |
| बसाईसराई भई आउनेको दर्ता | १६ |
| बसाईसराई भई जानेको दर्ता | ७३ |
| विवाह दर्ता | ३७० |
| सम्बन्ध विच्छेद दर्ता | ४९ |

## २१ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ४ सफ्टवेयरहरूमा गत वर्षसम्म रु.५,३७,५०४।- भुक्तानी गरेकोमा यो वर्ष रु.५,४२,४००।- सहित रु.१४,५७,९०५।- भुक्तानी गरेको छ। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा यो वर्ष रु.२,७४,४१५।- खर्च गरेको देखियो।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवयर खरिद गरिसकेपछि सूचना प्रविधि विभागबाट स्वीकृति लिनुपर्नुको साथै प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

| सि नं | योजना/कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद रकम | योवर्षको वार्षिक मर्मत सम्भार खर्च | हालसम्मको मर्मत सम्भार खर्च | हालको अवस्था (चालु रहे/ नरहेको) |
|---|---|---|---|---|---|---|
| १ | कृषि एप | २०८०।८१ | ३८९८५० | ० | ० | संचालनमा रहेको |
| २ | E-HMIS | २०८०।८१ | १५२५५० | ० | ० | संचालनमा रहेको |
| ३ | नागरीक वडापत्र | २०७८।७९ | ४९५५०५ | ६४४१५ | २ पटक | संचालनमा रहेको |
| ४ | योजना सफ्टवयर | २०७८।७९ | ४२०००० | २१०००० | २ पटक | आ व २०८०।८१ सम्म संचालनमा रहेको |
| | | जम्मा | १४५७९०५ | २७४४१५ | | |

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएकोमा यस वर्ष विभिन्न विषयका १४ वटा विवाद दर्ता भएकोमा जम्मा १४ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट गर्न मुद्दा बाँकी नरहेको विवरण पेस गरेको छ । न्यायिक समितिलाई प्रभावकारी तुल्याइ न्याय सम्पादनलाई स्वच्छ बनाउनुपर्दछ ।

२३ **सहकारी संस्था**

साबिक डिभिजन सहकारी कार्यालयहरू मध्ये संघीयताको कार्यान्वियन सँगसँगै ५२ वटा संस्था यस पालिकामा हस्तान्तरण भई आएका मध्ये २ वटा संस्थाहरू एकीकरणमा गएकोमा ३३ संस्था सक्रिय रही १८ वटा संस्थाहरू निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरूमा सर्वसाधारणको पूँजी र सम्पत्ति के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा गाउँपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारी र कर्मचारीहरूको ध्यान जानु आवश्यक छ । सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्याङ्कको आधार सिर्जना गर्न पालिकाभित्र रहेका सक्रिय सहकारी संस्थाहरूलाई इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्राणाली (COPOMIS) Software मा आवद्ध गराउन र निष्कृय रहेका सहकारी संस्थाहरूलाई शेयर सदस्य र बचतकर्ताहरूको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकीकरण तथा खारेजीको प्रकृया अगाडि बढाउन पालिकाले थप पहल गर्नुपर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृति तथा समस्याहरूलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरूको दिगो विकास र स्थायित्व प्रदान गर्न सहकारी ऐन, २०७४ को दफा ८७ बमोजिम सहकारी सस्थाहरूको एकीकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरूको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकीकरण, विघटन तथा खारेजी सम्बन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १५ शय्या अस्पतालको ड्रागन/ बेकोन/शंखपोखरीलाई रु.१,१०,००,०००।- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| गौ भौ नं। मिति | पेश्की लिनेको नाम | पेश्की प्रयोजन | म्याद ननाघेको पेश्की बाकी |
|---|---|---|---|
| १।२०७९।११।३ | ड्रागन/बेकोन/शंखपोखरी | १५ शैया अस्पताल निर्माण | ११०००००० |

## २५ आन्तरिक आय

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रू.२ करोड २५ लाख ८० हजार (स्थानीय राजस्व बाँडफाँटबाट प्राप्त आय समेत) सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रू. २,४०,११,०४८।२४ (स्थानीय राजस्व बाँडफाँट पछि प्राप्त आय समेत) आम्दानी देखाएको छ । जून बार्षिक अनुमानित आय भन्दा ६.३४ प्रतिशतले बढी असूल भएको देखिन्छ ।

## २६ आम्दानीको पुष्टयाई पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ उपदफा (५) मा राजश्वको लागत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्त्व कार्यालय प्रमुखको हुने उल्लेख छ ।पालिकाको १० राजश्व संकलन केन्द्रहरूले गत विगत वर्षहरूमा सांग्रिला नामक सफ्टवेयर मार्फत आम्दानी संकलन गर्ने जनाइएकोमा यो वर्ष पालिका कार्यालय, वडा नं १ र ९ समेत ३ संकलन कैन्द्रले श्रावण १ गते सुरु देखि नै नेपाल सरकारले लागू गरेको सुत्र सफ्टवेयर मार्फत आम्दानी संकलन गरेको छ भने बाँकी वडा नं २ देखि ८ सम्मका वटा वडा संकलन केन्द्रहरूले देहाय वमोजिम २०८० असोज ४ सम्म नै सांग्रिला नामक सफ्टवेयर प्रयोग गरेर राजश्व संकलन गरेका छन् ।तत्पश्चात शुत्र मार्फत नै आम्दानी बाधेको र उक्त सांग्रिला सफ्टवेयर बन्द रहेको व्यहोरा लेखापरीक्षणमा जनाइएको छ ।उक्त अवधिको राजश्व आम्दानीको अभिलेख प्रिन्ट गरी प्रमाणित गरेर अद्यावधिक राख्नुपर्नेमा राखेको पाइएन ।सो सफ्टवेयर समेत बन्द भए पश्चात कम्पनीले नखोली दिएको कारण जनाई लेखापरीक्षणमा उक्त आम्दानीको सफ्टवेयर मार्फत वा हार्डकपी प्रमाणित अभिलेख मार्फत परीक्षण हुन सकेन । कार्यालयले उक्त अवधिमा देहाय बमोजिम सो सफ्टवेयर मार्फत रू.३,३७,९५३।– आम्दानी गरी दाखिला गरेको जनाइएको छ ।तर उदाहरणको लागि वडा नं ४ ले दाखिला गरेको अभिलेखबाट भने रू.६६,५८६।– आम्दानीको विवरण निम्नानुसार तयार गरेकोमा दाखिला अभिलेखबाट सो को सट्टा रू.१,०३,८३५।– दाखिला भएको व्यहोरा सम्वन्धित वडाका कर्मचारीबाट जनाइएको छ ।यसप्रकार सांग्रिला सफ्टवेयरबाट उक्त ७ वटा वडाहरूमा सो अवधिमा के कति नगदी रसिद सफ्टवेयर मार्फत जारी भयो ? उक्त रसिदहरूबाट के कति आम्दानी प्राप्त भई के कति रकम दाखिला भयो यकिन हुन नसकेकोले यस सम्वन्धमा सम्बन्धित निकायको ध्यान गई यथार्थता यकिन गरिनुपर्ने देखिएको रू.

| संकलन केन्द्र | सांग्रिला सफ्टवेयर चालु रहेको अवधि | प्राप्त विवरण अनुसार आम्दानी रकम |
|---|---|---|
| वडा नं २ | २०८०।०५।०६ सम्म | रु ८७३२२।- |
| वडा नं ३ | २०८०।०५।०१ सम्म | रु ३१४६४।- |
| वडा नं ४ | २०८०।०५।०४ सम्म | रु ६६५८६।- |
| वडा नं ५ | २०८०।०५।०१ सम्म | रु ६३९८।- |
| वडा नं ६ | २०८०।०५।०३ सम्म | रु ६८६६३।- |
| वडा नं ७ | २०८०।०५।०४ सम्म | ररु ६१००२।- |
| वडा नं ८ | २०८०।०५।०४ सम्म | रु १६५१८।- |
| | जम्मा | रु ३३७९५३।- |

| | |
|---|---|
| अनियमित भएको | ३,३७,९५३ |

## २७ ढिला गरी राजस्व दाखिला

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायित्व ऐन २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथीको

अधिकारी समक्ष म्यादथप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। पलिकाले यो वर्ष जम्मा रू.२,४०,११,०४८।२४ आन्तरिक आम्दानी गरेको व्यहोरा अभिलेखबाट देखिन्छ । यस पालिका मातहत ९ वटा वडा कार्यालयहरू र एक पालिका कार्यालय समेत १० वटा संकलन केन्द्रबाट राजश्व आम्दानी गर्ने गर्दछ । उक्त १० संकलन केन्द्रहरूले उक्त कानुनमा भएको प्रावधान बमोजिम संकलन भएको आम्दानी रकम बैङ्कमा दाखिला नगरी प्राय: गरेर धैरै जसो केन्द्रले महिनामा एकपटक बैङ्कमा राजश्व दाखिला गर्ने गरेको पाइयो । यसमा सम्बन्धित पक्षको ध्यान गई कानुन वमोजिम सुधार हुनुपर्दछ ।

| **क्र.सं.** | **संकलन केन्द्र** | **आम्दानी रकम** | **बैङ्क दाखिला संख्या** |
|---|---|---|---|
| १ | वडा नं १ | ६६२०००।०९ | १६ पटक |
| २ | वडा नं २ | ६६८६८२।८१ | २६ पटक |
| ३ | वडा नं ३ | १२३२०३४।३४ | २९ पटक |
| ४ | वडा नं ४ | ४६५८७६।५० | १६ पटक |
| ५ | वडा नं ५ | २५०९८४।५७ | १६ पटक |
| ६ | वडा नं ६ | ९५२२७९।६० | १४ पटक |
| ७ | वडा नं ७ | ९२६७०३।५७ | १४ पटक |
| ८ | वडा नं ८ | ५२८५५०।७० | १४ पटक |
| ९ | वडा नं ९ | ८५१७९०।०० | १४ पटक |

२८ **पशुपंक्षी तथा बोका सरसफाई सेवा शुल्क**

पालिकाले मनकामना मन्दिरमा बोका, भेडा, कुखुरा, हाँस र राँगोको बलि चढाउदा सो को सरससफाई सेवा शुल्क वापत देहाय बमोजिमको सेवाशुल्क लिई मन्दिर सरसफाई एवं संरक्षण कार्य गरेवापत जेठाबुढा/कारिन्दालाई उक्त प्राप्त शुल्कको ५० प्रतिशत रकम उपलव्ध गराउने भनी निर्णय गरेकोछ । योवर्ष देहाय बमोजिम रू.७६,४९,५००।आम्दानी गरी जेठाबुढा/कारिन्दालाई रु.३८,२४,८००। फिर्ता गरेको जनाइएको छ ।

| सि.नं. | पशुपंक्षी | प्रति सेवा शुल्क रु | प्राप्त विवरण अनुसार यो वर्ष बलि चढेको संख्या | प्राप्त आम्दानी रु |
|---|---|---|---|---|
| १ | वोका | ६०० | ११९०० | ७१४०००० |
| २ | भेडा | ६०० | - | - |
| ३ | वोका पालेको थप | १०० | - | - |
| ४ | कुखुरा | १०० | ४८०७ | ४८०७०० |
| ५ | हाँस | १०० | - | - |
| ६ | राँगो | १२०० | २४ | २८८०० |
| ७ | राँगो पालेको थप | २०० | - | - |
| | जम्मा | १६७३१ | | ७६४९५०० |

यसमा देखिएका व्यहोरा निम्नानुसार छन्:

- पालिकाले तेह्रौ गाउ सभा मिति २०८०।०३।०७ को निर्णयले पशुपंक्षी तथा बोका सरसफाईको लागि प्राप्त शुल्क रकमको ५० प्रतिशत रकम सरसफाई केन्द्रमा काम गरे वापत जेठाबुढा।कारिन्दालाई रकम फिर्ता दिने गरी गरेको निर्णय बमोजिम यो वर्ष

पालिकाले रु.३८,२४,८००।– फिर्ता गरेको जनाइएको छ ।यसप्रकार राजश्व रकम फिर्ता गर्नुभन्दा उक्त केन्द्रमा गर्नुपर्ने सरसफाईको काम गर्न गराउन जे जति रकम खर्च हुन्छ सो बमोजिम बजेट विनियोजन गरी खर्च गर्ने र उक्त सेवाशुल्क वापत प्राप्त भएको आम्दानी शतप्रतिशत नै पालिकामै आम्दानी बाध्ने व्यवस्था गरिएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व कानुनले तोके बमोजिम हुने हुदा यसतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

- उक्त पशुपंक्षी तथा बोका सरसफाई शुल्क तोकिएको मध्ये मन्दिरमा बोका, भेडा, हाँस, पोलेको थप र राँगो पोलेको थप सेवा शुल्क वापत यो वर्ष कुनै सेवा शुल्क असुल भएको देखिन आएन।

२९ **विभाज्य कोषको रकम**

पालिकाले विभाज्य कोषमा जम्मा हुने आम्दानी रकम विभाज्य कोष खातामा जम्मा गरी उक्त रकमबाट विभाजन भए पश्चातको रकम मात्र आन्तरिक आम्दानी खाता र आन्तरिक आम्दानीबाट संचित कोषमा ट्रान्सफर गर्ने विद्यमान प्रावधान रहेको छ ।पालिकाले यो वर्ष ढुंगा, गिट्टी, वालुवा, ग्राभेल लगायत दहत्तर बहत्तरबाट जम्मा रू.१४,३८,३२८।२१ आम्दानी गरेकोमा उक्त रकम मध्ये रू.४,६६,२१२।५७ मात्र विभाज्य कोष खातामा दाखिला भएको र बाँकी रू.९,७२,११५।६४ विभाजन पूर्व नै सोझै आन्तरिक आय खातामा दाखिला भएको छ । विभाजन योग्य आम्दानी रकम विभाज्य कोष खाताबाट विभाजन पश्चात पालिकाले प्राप्त गर्ने रकम मात्र आन्तरिक आम्दानी खातामा ट्रान्सफर गर्नुपर्नेमा विभाजन अगाडिको सम्पूर्ण अंश सोझै आन्तरिक आम्दानी खातामा दाखिला भएबाट एकातर्फ लेखापरीक्षणमा पेश भएको कारोबारले यथार्थ चित्रण गरेन भने अर्को तर्फ कानुनको समेत उलङ्घन भएको छ । यसमा सुधार हुनुपर्दछ ।

३० **राजस्व बाँडफाँट**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३१ **एम्बुलेन्सको आय-व्यय**

पालिकाले आफ्नो नाममा रहेको मेशिनहरूको उपयोग तथा दीगो व्यवस्थापनको लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नुपर्दछ। पालिका अन्तर्गत ग १ झ २९१ नम्बरको एक एम्बुलेन्स नामजुङ्ग स्वास्थ्य चौकीमा, ताक्लुङ्ग स्वास्थ्य चौकीमा एक एम्बुलेन्स (ग १ झ ५५१३), बुङ्कोट स्वस्थ्य चौकीमा एक एम्बुलेन्स (ग १ झ ६०५), मनकामना बजार इकाइमा एक एम्बुलेन्स (ग २ च १८३०) र पालिकाबाट संचालित एक एम्वुलेन्स समेत ५ एम्वुलेन्स सरकारी साधनको रुपमा सञ्चालनमा रहेको जनाइएको छ । ती साधनहरू पालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालन सम्बन्धी व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । एम्बुलेन्स सञ्चालनमा भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरूको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन । व्यवस्थित तरिकाले एम्बुलेन्स सञ्चालन गरी सोबाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नुपर्दछ।

३२ **नक्सापास**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-७ दफा नं २७ देखी ४३ सम्म भवन निर्माण र घर जग्गाको नक्सापास सम्बन्धी प्रावधानहरू उल्लेख रहेका छन। कार्यालयले यो वर्ष सेवाग्राहीबाट निवेदन तथा घरजग्गा नक्सापास दस्तुर वापत रु.२,६०,५५९।- असुल गरेको देखियो।मनकामना लगायतका बजारोन्मुख क्षेत्रमा बनेका र बन्न लागेका भवन तथा संरचनाहरूको निर्माणमा उक्त कानुनको पालना भए नभएको सम्वन्धमा पालिकाले अनुगमन गरी कानुन पालनाको सुनिश्चित तुल्याउनु पर्दछ ।

३३ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाले योवर्ष व्यवसाय कर वापत रू. ३७४५४०।(व्यवसाय रजिष्ट्रेसन दस्तुर समेत)

रकम असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ **केबलकारबाट भएको आम्दानी**

पालिका र मनकामना केवलकार प्रा.लि. बीच विगत वर्षमा भएको सम्झौता अनुसार केबलकारले आफुले जारी गरेको टिकटबाट भएको आम्दानीको १ प्रतिशत रकम पालिकालाई बुझाउनुपर्ने गरी शर्तहरू रहेको व्यहोरा लेखापरिक्षणमा जनाइएको छ।उक्त सम्झौता बमोजिम यो वर्ष केबलकारले पालिकालाई त्रैमासिक रुपमा ४ पटक गरी जम्मा रु.७६,८८,७१९।९५ बुझाई पालिकाले आम्दानी गरेको व्यहोरा जनाइएको छ। पालिकाले उक्त कम्पनीको अडिट आय व्यय विवरण लिई उक्त रकम सम्झौताका शर्त वमोजिम पर्याप्त भए नभएको सम्वन्धमा यकिन गर्नुपर्दछ ।

३५ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३६ **ढुंगा र ग्राभेलको शुल्क असुली**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,८६२,८१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,३३६,४२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२३,९४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५०,५०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१४९,२६५.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१३१,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५८,१२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१३०,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८४,८४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **संघीय राजश्व दाखिला नगरेको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८२,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **राजस्व फिर्ता**

त्रिशुली नदीको ढेउवाटार करनवगर क्षेत्रको नदीजन्य पदार्थको उत्खन्न, संकलन र बिक्री गर्न ठेक्का नं. १३-०७९।८० बाट ६००५.९३ घनमिटर परिमाणको लागि ठेकेदार त्रियुग निर्माण सेवासँग २०७९।१०।२६ गते सम्झौता भएको र ठेकेदारले सम्झौताका बखत शुल्क रु.१३,०४,९२८।– पालिकामा बुझाई सोको हुने मू.अ.कर रु.२,८७,२४०।- र १.५ प्रतिशत अग्रिम आयकर रु.३३१२०।– समेत जम्मा रु.१६,२५,०८८।– बुझाई सकेपश्चात स्थानीय बासिन्दा र होटल तथा रिसोर्ट व्यवसायीहरूको अवरोधका कारण ठेकेदारले उत्खनन्, संकलन र बिक्री गर्न नपाइएको कारण जनाइएको निजले उक्त तिरेको राजश्व फिर्ता माग दाबी गरेको भनी प्रदेशमा पठाएको ४० प्रतिशतले हुने रकम रु.५,२१,९७१।– रकम गण्डकी प्रदेश विनियोजन ऐनले विनियोजन गरी दण्ड जरिवाना शीर्षकमा निकासा गरेर र बाँकी ६० प्रतिशतले हुने रकम रु.७,८२,९५७।– पालिकाको मिति २०८०।११।३० को १४ औं सभाले रकम विनियोजन गरेबमोजिम गो.भौ. नं. ३६२ मिति २०८०।१२।२६ बाट रु.७,८२,९५७।– र गो.भौ. नं १ मिति २०८१।०३।२१ बाट रु.५,२१,९७१।– समेत रु.१३,०४,९२८।– निज त्रियुग निर्माण सेवालाई राजश्व रकम फिर्ता गरिएको छ । राजस्व फिर्ता हुने गरी गरिने राजस्व सङ्कलनको कार्यहरूमा परिमार्जन हुनुपर्दछ ।

३९ **ठेक्का टुक्राएको**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ उपदफा (१) मा खरिद विधिहरू उल्लेख रहेका छन् । उपदफा (२) प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का टुक्राउन नपाइने उल्लेख छ । पालिकाले पालिका भवन निर्माण स्थल र सो वरपरका निर्माण कार्यहरू गर्दा र गराउँदा खरिद नियमावली नियम ८ बमोजिम खरिदको सम्भावित प्याकेज बनाएर गर्नुपर्नेमा देहाय बमोजिम टुक्रा पारेर पटक पटक गरेको पाइयो । जसले गर्दा देहाय अनुसार स्वच्छ प्रतिस्पर्धा समेत फरक स्थिति रहेको देखिन्छ भने अर्को तर्फ उक्त कानुनको समेत उल्लङ्घन हुन गएको छ ।उदाहरणको लागि तलका ३ वटा कार्यहरू एउटै प्याकेज बनाइ बोलपत्रबाट गराउनु पर्नेमा सो मध्ये एक इ वोलपत्रको विधिबाट, एक शिल्डबन्दी दरभाउपत्रको बिधिबाट र एक सोझै दरभाउपत्रको बिधिबाट गरेको छ ।

| **क्र.सं.** | **कामको विवरण** | **निर्माण व्यवसायी** | **खरिद विधि** | **प्रथम घटी प्रतिशत** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| १ | पालिका भवन वरिपरी संरक्षण र पूर्वाधार निर्माणको कार्यहरू | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | इ वोलपत्र | -३८.३८ | ३०१००७९.०० | २९५७७९६.०० |
| २ | पालिका भवन अगाडी वाल निर्माण र सम्याउने कार्य | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | खुला दरभाउपत्र | -०.०५ | ९३६८९९.०० | ९३६५८८.०० |
| ३ | गाउपालिका खेलकुद ग्राउण्ड पूर्वाधार निर्माणको ( गा पा भवन नजिकै ) | देवु निर्माण सेवा | शिलवन्दी दरभाउपत्र | -१३.४५ | १२६१२११.०० | ९६२८६७.०० |
| | जम्मा | | | | | ४८५७२५१.०० |

**कार्यालयको भनाइः** क्र.स. २ को काम अबिरल बर्षाको कारण गर्नु परेको र क्र.स. ३ को काम संघिय शसर्त पुंजिगत शीर्षकमा आएको कार्यक्रम ३ स्थानका खेलकुद मैदानलाई लिएर अन्यौल भइ सहमती जुट्न समय लागेकोले सो बमोजिम हुन गएको जनाएको छ ।

४० **रीतपूर्वकको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली,२०५३ अनुसार क्रेताले आफूले तिरेको रकम र विक्रेताले आफुले प्राप्त गरेको रकमको रीतपुर्वकको कर विजक जारी गर्नु र प्राप्त गर्नु दुवैको दायित्व रहेको उल्लेख छ ।कार्यालयले देहायबमोजिमको ठेक्कामा ल्यावपरिक्षणको रकम प्रोभिजनल सम बाट भुक्तानी दिदा फोटोकपी विजक संलग्न गरेको आधारमा भुक्तानी गरेको पाइयो।उक्त विजकको सक्कल प्रति र

सो विजकमा उल्लेखित मूल्यअभिवृद्धि कर रकम समायोजन गरेको पत्र पेश हुनुपर्छ अन्यथा उक्त भुक्तानी रकम असुल हुनुपर्ने देखिएको रू.

| गो. भौ . नं . | निर्माण व्यवसायी | प्रयोगशालाको नाम | भुक्तानी |
|---|---|---|---|
| २२९।०८१।२।२७ | नया वाटो।न्यू गोरखा मनकामना कन्सट्रक्सन जे. भी . | एस पी टेकनिकल कन्सल्ट एण्ड गोरखा इन्जिनियरिङ्ग ल्याब प्रा.लि. | ६७८०० |
| १३८।०८०।१२।३० | सिनर्जी।सचेत जे. भी . | एस पी टेकनिकल कन्सल्ट एण्ड गोरखा इन्जिनियरिङ्ग ल्याब प्रा.लि. | ६०००० |
| १२।०८१।०३।१७ | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | एस पी टेकनिकल कन्सल्ट एण्ड गोरखा इन्जिनियरिङ्ग ल्याब प्रा.लि. | १०००० |
| | जम्मा | | १३७८०० |

| असुल गर्नुपर्ने | १,३७,८०० |
|---|---|

## ४१ पूर्वनिर्धारित क्षतिपूर्ति असुली

निर्माण व्यवसायीले सम्झौता तोकिएको अवधि भित्र तोकिएको कार्यसम्पन्न गर्नुपर्दछ ।पालिका भवन नजिकै रहेको पालिका खेलकुद ग्राउण्डमा पूर्वाधार निर्माण गर्ने कार्यका निर्माण व्यवसायीले देवु निर्माण सेवा ( ठेक्का नं ०६-०८०।०८१ ) सँग रू.१२,६१,२११।८० को ठेक्का सम्झौता मिति २०८०।११।०८ मा भई कार्यसम्पन्न गर्ने अवधि २०८१।३।२० सम्म तोकिएकोमा उक्त अवधिको ८० प्रतिशत अवधि समाप्त भइ सक्दा पालिकाको च.नं १९३९ मिति २०८१।२।२४ को पत्रबाट साइटमा हालसम्म कुनै पनि कार्य सुरु सम्म पनि गरेको नदेखिएको, पटक पटक मौखिक तथा फोन सम्पर्क बाट निर्माण कार्य सूचारु गर्नको लागि अनुरोध गर्दा हालसम्म कार्य सूचारु नगरेको हुदा पत्रको मितिले ५ दिन भित्र कार्य सुरु गरी तोकिएको अवधिमा सक्नु हुन अन्यथा नियमानुसार कारवाहीको प्रकिया अगाडी बढाइने भनी पत्रचार गरेको देखियो ।तर निर्माण व्यवसायीले २०८१।०२।३१ मा निर्माण कार्य गर्न थप केही समय लाग्ने कारण उल्लेख गरी दिएको म्याद थपको निवेदन मार्फत कार्यपालिकाले २०८०।३।१८ मा २०८१।९।२९ सम्म अर्थात ६ महिना अर्थात १३४ प्रतिशत थप गरेको छ।यसप्रकार थप गरिएको अवधि सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ र नियमावली,२०६४ को नियम १२० अनुकुल भएको भन्न मिल्ने नदेखिदा म्याद थपको निर्णय गर्ने कार्यपालिका पदाधिकारीलाई कानुन बमोजिम जवाफदेही तुल्याई निज निर्माण व्यवसायीबाट नियम १२१ बमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १,२६,१२१ |
|---|---|

## ४२ भेरिएसन आदेश

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा ( १ ) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको पररस्थिति सम्झौता कार्यान्वियन क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए बमोजिम भेरिएसन आदेश जारी गर्न सकिने प्रावधान रहेको छ । नामजुङ घैरुङ्ग ताक्लुङ्ग मनकामना ढांडवारी रामशाह घाट आँवुखैरनी सडक स्तरोन्नति गर्ने कार्यका लागि सुरु लागत अनुमान रू.१२,४८,०७,५८१।- मा करिव २९.६२ प्रतिशत घटेर मिति २०७९।१०।११ मा रू.८,७८,३५,५९३।७ ( मू.अ.कर र पि.एस. बाहेक) को ठेक्का सम्झौता भई कार्यसम्मन गर्ने अवधि २०८१।१०।३० सम्मा तोकिएकोमा कार्यपालिकाले २०८१।०२।०८ मा थप काम ६.३२ प्रतिशत सहितको भेरिएसन आदेश जारी गरी संशोधन लागत अनुमान रू.१,३०,५४,७३२०.।- र संशोधित सम्झौता अंक रू.९,३४,१७,३९०।- ( मू.अ.कर र पि.एस. बाहेक) पुर्याई रू.५,५८१,७९६।- - ( मू.अ.कर बाहेक ) लागत थप गरेको छ । भेरिएसन आदेश जारी गरी गर्न पर्ना कारणमा थप रिटेनिङ र ग्यावियन स्ट्रकचरको काम गर्नु परेको र कटिङ गरिएको माटो जुन स्थानमा कटिङ गरिएको हो सो स्थानमा स्थानीय विवादका कारण टाढा लगेर डम्पिङ गर्नु परेको जनाइएको छ ।यसरी भेरिएसन आदेश जारी गर्दा सुरु लागत अनुमानमा भएको दर भन्दा सुरु सम्झौतामा बढी दर भएका कतिपय आइटममा बढी परिमाण थप गरिएको छ। यसरी परिमाण थप भएका केही आइटमहरूमा सुरु लागत अनुमान दरमा घटाएर भुक्तानी गरेको पाइयो । यसका केही उदाहरणहरू निम्न छन् ।यसप्रकार भेरिएसन गर्नु पर्नामा आयोजनाको DPR अध्ययन परामर्शदाताबाट गराउदा पर्याप्त अध्ययन र स्थानीय सँगको

समन्वयको अभाव सहित आयोजनाको DPR अध्ययन गरी सोही प्रतिवेदनको आधारमा ठेक्का सम्झौता हुन गएकोले सो बमोजिम भेरिएसन गर्नु परेको अवस्था देखिन्छ ।यसमा सुधार हुनुपर्दछ ।

| आइटम नं | कामको विवरण | सुरु ल.ई.दर रू. | BOQ को दर रु | भुक्तानी दर रु | सुरु परिमाण | संशोधित परिमाण | थपिएको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २.१.३.६ | सापग्री ढुवानी लोड अनलोड समेत | २६४.५६ | ५०० | ५०० | १३३२ | - | - |
| २.१.३.६A | सापग्री ढुवानी लोड अनलोड समेत | २६४.५६ | ५०० | २६० | - | ११४३०.३८ | ७५८.१४% |
| २.१.३.६.९ | ६०० mm dia को ह्युमपाइपको काम | ९०२६।४४ | १०००० | १०००० | १५ र.मि | - | - |
| २.१.३.९ A | ६०० mm dia को ह्युमपाइपको काम | ९०२६।४४ | १०००० | ९००० | - | ६५ र.मि | ४३३.३३% |
| २.१.४.१ | Delinator post | १७७८.२९ | १५०० | १५०० | १०० वटा | - | - |
| २.१.४.१A | Delinator post | १७७८.२९ | १५०० | १४०० | - | ४०० वटा | ४००% |

## ४३ मूल्य समायोजन भुक्तानी

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५ र नियमावली,२०६४ को नियम ११९ तथा ठेक्का सम्झौतामा भएका शर्तहरूको अधिनमा रही निर्माण व्यावसायीलाई मूल्यअभिवृद्धिको रकम मूल्य समायोजन मार्फत भक्तानी दिन सक्ने प्रावधान रहेको छ ।पालिकाले १५ शैया प्रथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्न ठेक्का नं १७-०७८।७९का निर्माण व्यावसायी ड्राागन –विकन – शंखपोखरी जे.भी. सँग रू.१२,४८,६१,३०८।५० को ठेक्का सम्झौतामा मिति २०७९।०५।२२ मा भई कार्यसम्पन्न गर्ने अवधि २ वर्ष अर्थात २०८१।५।२२ सम्म तोकिएको छ ।निजलाई २०८१ असार मसान्तसम्म ३ वटा रनिङ विलबाट जम्मा रू.२,०३,४७,३२०।१७ भुक्तानी गरेको मध्ये प्रथम रनिङ विलको मूल्य समायोजन वापत रू.११,७१,२५९।१७ (मू.अ.कर समेत) भुक्तानी भएको पाइयो । सम्झौता अवधिको करिब ९० प्रतिशत भन्दा बढी अवधि व्यतित हुदा समेत उक्त निर्माण कार्यको १५।१६ प्रतिशत मात्र भौतिक प्रगति भएको स्थितिमा निजसँग भएको सम्झौताको दफा नं GCC २१,२२,३५,३७ र ५३.८ को शर्त समेत पालना नभएको अवस्थामा समेत निजलाई मूल्यअभिवृद्धि वापतको रकम भुक्तानी दिन मिल्ने नदेखिएको हुदा उक्त रकम निजबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७१,२५९ |

## ४४ बढी भुक्तानी

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२७,३३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ४५ म्याद थप नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १५ मा गत विगतको दायित्व भुक्तानी सम्वन्धमा उल्लेख छ ।सम्झौतामा तोकिएको अवधि भित्र तोकिएको कार्यसम्पन्न हुन नसकी सार्वजनिक खरिद ऐन, २०६३ दफा ५६ को अवस्था श्रृजना भएमा सम्झौतामा र नियमावली,२०६४ को नियम १२० अनुसारको ठेक्काको म्याद थप गर्न सक्ने प्रावधान रहेको छ । खगि हुदै गाउँपालिका अफिस सम्म सडक मर्मत कार्यका निर्माण व्यवसायी कृतिका निर्माण सेवालाई गत वर्ष २०८०।३।२० मा कार्यसम्पन्न गरेको कामको बाँकी भुक्तानी यो वर्ष गो.भौ.नं २।०८०।०६।९ बाट रू.१,०२,२७७।– गरेको मा उक्त कानुन बमोजिम दायित्व प्रमाणित गरी राखेको देखिएन । प्रमाणित दायित्व वेगर विगतको भुक्तानी बाँकी रकम भुक्तानी गर्दा दोहोरो पर्न सक्ने तर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।उक्त ठेक्काको सम्झौता निज निर्माण व्यवसायी सँग मिति २०७९।५।३० मा रू.९,६९,८४४।७६

को गरी कार्यसम्पन्न गर्ने अवधि २०७९।९।५ सम्म तोकिएकोमा उक्त कार्य २०८०।३।२० मा मात्र सम्पन्न भएको व्यहोरा ठेक्का विल, कार्यसम्पन्न प्रतिवेदन र फाइनल विल पेश गरेको पत्रबाट देखिन्छ । यसमा सम्बन्धित पक्षको ध्यान गइ यथार्थता यकिन गरिनु पर्दछ ।

**कार्यालयको भनाइ:** सडक बोर्डबाट रकम निकासा सो वर्ष नभइ अर्कोवर्ष ढिला भएको कारण निजले तोकेको समयमा कार्य सम्पन्न गरेता पनि नापजांच र बिल बनाउने तथा भुक्तानी दिने कार्य ढिला गरिएको व्यहोरा जनाएको छ ।

**४६ Day works बाट भएको भुक्तानी**

कार्यालयले निर्माण कार्यमा कामको quantity मापन गर्न नसकिने तर उक्त कार्य नगरी निर्माण कार्य अगाडी बढाउन नमिल्ने जस्तो भैपरी आउने प्रयोजनको लागि लागत अनुमान र सम्झौतामा समावेश गरी Day works का कार्यहरू गराउनुपर्दछ ।पालिकाको प्रशासनिक भवन निर्माण कार्य ठेक्का नं ०१-०७७।०७८ का निर्माण व्यवसायी रविना।अविशा।विकोन जे.भी. सँग भएको ठेक्का सम्झौतामा schedule of days works भनी एक मूर्ती खरिदको लागि रू.५ लाख समेत जम्मा रू.१४,०८,५००।– रकम समावेश गरेकोमा पालिकाले गत विगत वर्ष रू.७०७९००।– यो वर्ष रू.५ लाख समेत रू.१२,०७,९००।- विलमा समावेश गरी निर्माण व्यावसायीलाई भुक्तानी दिएको छ ।यसरी schedule of days works बाट कार्य गराउदाको प्रयोजनको लागि के कति परिमाणमा कहिले खर्च गर्नुपर्ने हो सो को पुष्टयाई सहित कार्यालयबाट पुर्वस्वीकृति लिई खर्च लेख्नु पर्नेमा सो बमोजिम खर्च लेखेको देखिएन ।साथै काम भएको प्राविधिक पुष्टयाई सहित खर्चको विल भरपाई र लगसिट समेत पेश भएको पाइएन ।दक्ष र अदक्ष ज्यामी, निर्माण सामग्रीहरू खरिद गरेको विवरण ठेक्का विलमा संलग्न गरेको आधारमा भुक्तानी गरेको पाइयो । तसर्थ उक्त schedule of days works items मा भएको खर्च निर्माण व्यावसायीलाई भुक्तानी दिन मिल्ने पर्याप्त आधार र पुष्टयाई वेगर भुक्तानी भएको देखिएकोले सो बमोजिम पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,०७,९०० |

**४७ म्याद थप**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा ठेक्का सम्झौताको म्याद समाप्त भई ऐनको दफा ५६ को अवस्थापटी म्याद थप गर्नुपर्ने भएमा निर्माण व्यवसायीले कारण खुलाई ठेक्का को म्याद समाप्त हुनु भन्दा २१ दिन अगाडि निवेदन दिनुपर्ने व्यवस्था छ । त्यसैगरी उक्त नियमावलीको १३ औ संशोधन अनुसार थप गरिएको अवधि सम्म निर्माण कार्य सम्पन्न नभएमा नियम १२० क उपनियम (५) र (६) बमोजिम ठेक्का अन्त्य गरी कालोसूचीमा राख्नपर्ने उल्लेख छ ।यस पालिकको प्रशासकीय भवन निर्माण गर्न ठेक्का नं ०१-०७७।७८ का निर्माण व्यवसायी रविना।अविसा ।विकोन जे.भी. सँग रू.७,७८,२१,३६२।४९ को ठेक्का सम्झौताको मिति २०७७। १२।०२ मा भई कार्यसम्पन्न गर्ने अवधि ७३० दिन अर्थात २०७९।१२।०१ सम्मा तोकिएकोमा चारपटक सम्म म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८१।०५।२७ सम्म पुर्याइएको छ ।निजको प्रथम पटक म्याद थप गर्दा सुरु अवधि समाप्त भएको करिब २.५ महिना ढिला गरी कार्यालयमा दर्ता समेत नभएको निवेदनमा मूल्यवृद्धि,व्याजदरवृद्धि,ऋण अभाव र क्रशर बन्द कारण उल्लेख गरी दिएको निवेदन मार्फत कार्यालयले २०८०।०३।०३ मा २०७९।१२।०१ देखि २०८०।०७।२४ सम्म म्याद थपको निर्णय गरेको छ ।यसप्रकार गरेको म्याद थप उक्त नियमावलीको नियम १२० मा तोकिएको म्याद सकिनु भन्दा २१ दिन अगाडि कार्यालयमा आईसक्नुपर्नेमा तोकिएको म्याद समाप्त भएको करिब २.५ महिना ढिला गरी प्राप्त भएको निवेदन उपर विना पूर्वनिर्धारित क्षतिपूर्ति म्याद थप गर्न नमल्नेमा कार्यपालिकाले गरेको म्याद थपको उक्त निर्णय कानुन सम्मत भएको भन्न मिल्ने देखिएन ।त्यसैगरी निर्माण व्यवसायीले खरिद नियमावलीको तेह्रौ संशोधन अनुसार तेस्रो पटक म्याद थपको लागि वर्तमान अवस्थामा काम गर्न नसकेको भन्ने कारण उल्लेख गरी मिति २०८०।१२।०२ मा दिएको निवेदनको आधारमा मिति २०८१।२।८ मा कार्यपालिकाले २०८१।६।१७ सम्म म्याद थप गरेको मा कार्यपालिकाले २०८१।६।२१ को निर्णयले पून: २०८१।९।१७ सम्म चौथो पटक म्याद थप गरिएको छ । तेह्रौ संशोधनको नियम १२०क क उपनियम (५) र (६) बमोजिम तेस्रो पटक थप गरिएको अवधिमा निजले कार्यसम्मपन्न नगरेको अवस्थामा उक्त कानुन बमोजिमको ठेक्का अन्त्य गरी कालो सूचीमा राख्नुको सट्टा पून: म्याद थप गरेको कानुन सम्मत भएको भन्न मिल्ने देखिएन । तसर्थ कानुनका शर्त विपरीत म्याद थपका निर्णयहरू गर्ने कार्यपालिकाका पदाधिकारीलाई कानुन बमोजिम जिम्मेवार तुल्याउनु पर्दछ ।

**४८ कार्यपालिकाबाट एकमुष्ट म्याद थपको निर्णय**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ५६ को अवस्था श्रृजना भएमा र नियमावली,२०६४ को नियम १२० र नियम १२० क सम्झौतामा तोकिएको अवधि समाप्त हुनु भन्दा कम्तिमा २१ दिन अगाडि वा कानुनमा तोकिएको अवधि भित्र उक्त दफामा उल्लेखित कारण र सो को पुष्टयाई सहित निर्माण व्यवसायीले कार्यालयमा निवेदन दिएमा कार्यालयले कानुनमा तोकिए अनुसारको विधि र प्रक्रिया बाट समझौताको म्याद थप गर्ने सक्ने र अन्यथा नियमावली, को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने प्रवधान रहेको छ ।यस पालिकाको कार्यालयले मिति २०८०।४।१५ गतेको निर्णयबाट तोकिएको समयमा कार्यसम्पन्न नगरेको आ.व.२०७९।८० का ७ वटा र आ.व.२०७८।७९ का ३ वटा समेत ९ वटा ठेक्का समझौताको देहायबमोजिम एकमुष्ट रुपमा आ.व.२०८०।८१ भरी १ वर्षका लागि म्याद थप गर्ने निर्णय गरेको छ ।यसरी म्याद थप गरेका ठेक्काहरूमा कतिपयले निवेदन मार्फत म्याद गरेको पाइयो भने कतिपयले म्याद थपको निवेदन समेत पेश गरेको देखिन आएन। निवेदन मार्फत म्याद थप माग गर्दा समेत दफा ५६ को अवस्था र कारण भन्दा पनि वर्षा सिजन लगायत नियमित प्रकियाको कारण उल्लेख गरिएको पाइयो ।यसप्रकार कार्यपालिकाले एकमुष्टरुपमा एक आर्थक वर्ष भरीका लागि म्याद थप गरेको निर्णय कानुनसम्मत रहेको भन्न मिल्ने देखिएन ।यसमा सम्बन्धित पक्षको ध्यान गई सुधार हुनुपर्दछ ।

| सि.नं | निर्माण कार्य | निर्माण व्यवसायी | ठेक्का नं | सम्झौता रकम रु |
|---|---|---|---|---|
| १ | नामजुङ घैरुङ्ग ताक्लुङ्ग मनकामना ढांडवारी रामशाह घाट आँबुखैरनी सडक स्तरोन्नति | सिनर्जी।सचेत जे.भी. | ०१-२०७९/८० | ९९८७४२२० |
| २ | वडा नं ८ को आधारभुत स्वास्थ्य केन्द्र | कल्याण निर्माण सेवा | ०२-२०७९/८० | ५२३३८०८ |
| ३ | देउराली अवेक रानीश्वरा चिसापानी तिनमाने घैरुङ सडक स्तरोन्नति | नया वाटो।न्यू गोरखा मनकामना कन्सट्रक्सन जे.भी. | ०८-७९।८० | ३५५५८६२० |
| ४ | चण्डिका आधारभुत विद्यालय भवन निर्माण | एस एण्ड एस कन्सट्रक्सन | १६-७९।८० | ६७५८९७० |
| ५ | वक्राङ्ग डिप्लिङ्ग गुरधाम मास्की छाप सडक स्तरन्नोति | कृतिक निर्माण सेवा | १७-०७९।०८० | १३९९३२० |
| ६ | गैरी चौतारा जोगीडाडा देउराली छविसेफाट जयदुल खोला सडक स्तरन्नोति | कृतिक निर्माण सेवा | १८-०७९।०८० | १४१६१४१ |
| ७ | गाउपालिका मूख्य प्रशासकिय भवन निर्माण | रविना।अविशा।विकोन जे.भी | १-०७७।०७८ | ७७८२१३६२ |
| ८ | वडा नं १ वक्राङ्ग को कार्यालय भवन निर्माण | लक्ष्मी कन्सट्रक्सन | १-०७८।०७९ | २५८००५५ |
| ९ | वडा नं ९ को कार्यालय भवन निर्माण | गोर्खाली ब्रदर्श कन्सट्रक्सन | १६-०७८।०७९ | ६९४५२८९ |

उक्त म्याद थप गरिएका ठेक्का सम्झाताहरूमध्ये वडा नं १ वक्राङ्ग को कार्यालय भवन निर्माण कार्य का निर्माण व्यवसायी लक्ष्मी कन्सट्रक्सनले समझौताको बमोजिम रू.२५८००५५।–को कार्य गर्नुपर्नेमा आ.व. २०७९।८० सम्मा जम्मा रू.८४०१९१।– को मात्र काम गरि भुक्तानी लगेको जनाइएको मा यो आ.व. २०७९।८० मा कुनै थप कार्य गरेको देखिन आएन ।साथै पालिकाले निजहरूसँग हर्जना असुल गरी कार्य सम्पन्न गर्ने गराउने वा ठेक्का अन्त्य गर्ने तर्फ कुनै पहल गरेको व्यहोरा देखिन आएन ।

**कार्यालयको भनाइः** कालो सुचीमा पार्नको लागि प्रकृया सुरु भइसकेको व्यहोरा जनाएको छ ।

४९ **सम्भाव्यता र डिपिआर अध्ययन**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष निम्नानुसार कार्यका लागि रू.२८,३८,७९०।- खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट

बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श तथा डी.पी.आर. तयार गर्दा उक्त कार्य गर्न लाग्ने कामको बास्तविक कार्य परिमाण र दरबिश्लेषण गरेर गर्नुको सट्टा स्वीकृत बजेटलाई आधारमानी सोही अनुसार कार्य परिमाण कायम गरी लागत अनुमान बनाएर सोको ३ खुला दरभाउपत्र लिइ न्युन प्रतिस्पर्धामा कार्य गराइएको छ । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितताको लागि सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ ।

| भौ.नं.।मिति | डिपिआर गर्ने कम्पनी | कामको बिबरण | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| ९७८।०८१।३।२२ | मरुन इन्जिनियरिङ्ग सोलुसन प्रा ली | पालिकाको भू उपयोग क्षेत्रको डाटाबेस तयार गर्ने कार्य | ४९८५९२ | ४९६५०० | ४९६५०० |
| १००३।०८१।३।२२ | रचनात्मक इन्जिनियरिङ्ग कन्सल्टेन्सी सर्भिसेज प्रा ली | मनकामना फोहोर मैला व्यवस्थापनको लागि डम्पिङ्ग साइट र ल्याण्डफिल्ड साइट निर्माणको डिपिआर तयारी | ४९९२८५ | ४९५५०५ | ४९५५०५ |
| ८४५।०८१।३।१९ | सगरमाथा इन्जिनियरिङ्ग ल्याव प्रा ली | ठेक्का नं. ०८-०७९।८० देउराली वयक तिनघरे चिसापानी तिनमाने घैरुङ्ग सडकको कार्यको गुणस्तर परीक्षण | ० | ० | ९३११२ |
| १००७।०८१।३।२२ | Environment and Engineering Services | मनकामना फोहोर मैला व्यवस्थापनको लागि डम्पिङ्ग साइट र ल्याण्डफिल्ड साइट निर्माणको लागि IEE अध्ययन | ३४९०७२ | ३४४६५० | ३४४६५० |
| १०१०।०८१।३।२२ | क्रियटिभ आइ कन्सल्टेन्सी | कार्यालय भवनको इन्टेरियर डिजाइन, फर्निचर लेआउट र लागत अनुमान तयारी | ४९५५५० | ४९१५५० | ४९१५५० |
| ५५६।०८१।२।१८ | एरोन इन्जिनियरिङ्ग प्रा ली | IEE study Of River for ssnd, boulder and gravel | ४९९४७६ | ४९४९११ | ४९४९११ |
| ७।०८०।११।११ | हिमाली क्षेत्र बिकास केन्द्र | झोलुङ्गे पुलको अनुगमन तथा सुपरीवेक्षण | ० | १८६५७० | १८६५७० |
| १९।०८१।३।१९ | हिमाली क्षेत्र बिकास केन्द्र | झोलुङ्गे पुलको अनुगमन तथा सुपरीवेक्षण | ० | २३५९९२ | २३५९९२ |
| | | जम्मा | | | २८३८७९० |

**कार्यालयको भनाइः** उक्त अध्ययन तथा प्रतिवेदनहरू सबै कार्यान्वियनको चरणमा गइसकेको र औचित्य पुष्टि भइसकेको व्यहोरा जनाएको छ ।

५० **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. ५ लाखभन्दा माथि रू. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष करिव २८ बिक्रेताबाट (स्वास्थ्य, कृषि र पशु शाखा बाहेक) रू.१,२७,२७,७२४।- रकम बराबरको विभिन्न वस्तु, सामग्री तथा निर्माण सामग्री खरिद गरी बिक्रेतालाई भुक्तानी गरेको विवरण जिन्सी शाखाको PAMS बाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासँग दर माग गरी पटक-पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरू गर्नुपर्नेमा सो

बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागि निम्न खरिदलाई लिन सकिन्छ।

| क्र सं. | संस्थाको नाम | जम्मा रकम रु. |
|---|---|---|
| १ | Hallmark Trade & Suppliers Pvt. Ltd. | ८७,७९०.०० |
| २ | सविन आर्टस | ११६,२१०.०० |
| ३ | मिस्टर बि प्रा लि | १७४,७२५.०० |
| ४ | आर.आर.स्टोर्स | १८५,८३०.०० |
| ५ | सुष्मा अटो मोटर पार्ट | १९४,३२०.०० |
| ६ | रेज मोटर्स प्रा.लि. | १९५,५११.०० |
| ७ | गोरखा सप्लायर्स | २०६,९८०.०० |
| ८ | गोरखा इन्फोसिस | २०८,८००.०० |
| ९ | सृजना मोटर इन्जिनीयरिङ्ग | २२२,९३०.०० |
| १० | कुसुम गिफ्ट हाउस एण्ड फर्निचर शो-रुम | २५२,६००.०० |
| ११ | सि.मि.स. इन्टरप्राइजेज | २९९,४८५.०० |
| १२ | रोजिना स्टोर्स | ४१०,३४०.०० |
| १३ | राधा कृष्ण ग्याविन जाली उद्योग पा लि | ४२९,१९५.५० |
| १४ | युनिक कम्प्युटर सेन्टर | ४३७,१६८.१६ |
| १५ | श्रेष्ठ प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि. | ४४२,४८०.३६ |
| १६ | पब्लीक ट्रेड लिङ्क | ४६४,३०४.०० |
| १७ | इन्फोटेक कलेज प्र.लि. | ५०६,१४०.०० |
| १८ | Relation Group Pvt.Ltd. | ५२१,०७५.०० |
| १९ | राना फर्निचर स्टोर्स | ५३९,५००.०० |
| २० | मनास्लु अपसेट प्रेस | ५८६,१४५.०० |
| २१ | मनास्लु अफसेट प्रेस एण्ड सप्लायर्स प्रा.लि. | ६६०,७७५.०० |
| २२ | शुभ मंगल फनिचर शोरूम | ६७९,२५०.०० |
| २३ | इन्फोटेक कलेज अफ हाडवेयर इन्जिनियरिङ्ग पा.लि. | ७२०,३५९.०० |
| २४ | Nepal furniture & Decor | ७२८,५७५.०० |
| २५ | Manoj International Pvt.Ltd. | ७८९,५५०.०० |
| २६ | पूर्ण चण्डी सप्लायर्स | ८१५,८१०.०० |
| २७ | उज्वल स्टेशनरी एण्ड सप्लायस । बरचुली कन्स्टक्सन | ८६०,०७५.०० |
| २८ | इन्फोटेक सप्लायर्स | ९९१,८०१.०० |

५१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष देहाय बमोजिमका बिक्रेताबाट रू.३,९९५,२४८।- रकम बराबरको बिभिन्न बस्तु, सामाग्री तथा निर्माण सामग्री खरिद गरी बिक्रेतालाई भुक्तानी गरेको विवरण प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासँग खुला दररेट माग गरी पटक पटक खरिद गरिएको पाइयो । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरू गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागि निम्न खरिदलाई लिन सकिन्छ।

| गौ. भौ. नं/मिति | खरिदको विवरण | आपूर्तिकर्ता | खरिद प्रक्रिया | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९०।०८०।१२।१ | फर्निचर खरिद | शुभ मंगल फर्निचर शो रुम | दरभाउपत्र | ७६७५५२ |
| ९।०८०।६।२६ | फर्निचर खरिद | राना फर्निचर स्टोर्स | दरभाउपत्र | ६०९६३५ |
| ८।०८०।६।२६ | कम्प्युटर लगायत खरिद | इन्फोटेक सप्लायर्स | दरभाउपत्र | ९९१८०१ |
| १८३।०८१।१।२७ | ल्यापटप४, कलर प्रिण्टर १० | युनिक कम्प्युटर सेण्टर | दरभाउपत्र | ४९४००० |
| | जम्मा | | | २८६२९८८ |

५२ **अनुदान**

पातीको तेल निकाल्ने मेसिन खरिद गरी बितरण गर्ने कार्यक्रमबाट देहाय बमोजिम मिनिटिलर लगायत उपकरण खरिद गरी विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट रू.२ लाख- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **अनुदानको किसिम** | **व्यक्ति संख्या** | **अनुदान अंश** | **रकम** |
|---|---|---|---|
| मिनि टिलर डिजेल ७ थान समेत बिभिन्न ४ आइटम | ७ | ५०% | २००००० |

५३ **टुक्रा गरेर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा एउटै प्रकृतिका कार्यहरू समेत छुट्टाछुट्टै रुपमा सोझै वा ३ वटा खुला दरभाउपत्र लिइ खरिद गराउने गरेको देखियो । यसका केही उदाहरण निम्नानुसार छन् ।

| योजना/कामको बिबरण | लागत अनुमान | निर्माण व्यवसायी/आपुर्तिकर्ता/सेवा प्रदायक | | | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | नाम | सम्झौता रकम | घटी प्रतिशत | रकम | |
| लखन किल्ला संरक्षण, सम्बर्द्धन तथा प्रबर्धन बिकास कार्यक्रम | ९७३९३६ | ग्लोबल कन्स्ट्रक्सन | ९६८५४९ | ०.५५% | ८८९७१६ | ८८९७१६ |
| कानटार शिलिङ्ग खोला मोटरेबुल एबुटमेण्ट प्रोटेक्सन वाल निर्माण ३ | ९७३५४४ | दीप निर्माण सेवा | ९७२३९८ | ०.११% | ९७०९७० | ९७०९७० |
| वडा नं २ कार्यालय घेरावार कार्य | ४८७०६३ | सरस्वती निर्माण कार्य | ४८५१६६ | ०.३९% | ४८४८८४ | ४८४८८४ |
| मनकामना क्षेत्रमा ढुंगा बिच्छ्याउने कार्य | २१३१४६ | लाप्राक निर्माण सेवा | २१३३३५ | ०.३८% | २१२३३५ | २१२३३५ |
| बोका,कुखुरा, सरसफाइ भवन मर्मत सुधार कार्य | ४८६७९३ | दरौदी गोरखा कन्स्ट्रक्सन प्रा ली | ४८२२८० | ०.९३% | ४८२६०४ | ४८२६०४ |

५४ **प्रमाण र पुष्ट्याइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले देहायका गोश्वारा भौचर र मितिबाट निम्नानुसारको रकम भुक्तानी दिइ खर्च लेखेको छ। तर उक्त रकमबाट सम्बन्धित कार्य भएको प्राविधिक पुष्ट्याई र नापी किताब सहितका बिल भरपाई र प्रमाण पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रू.

| गौ भौ नं।मिति | खरिद विवरण | आपूर्ति कर्ता | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ३४८।२०८१।३। | | राधाकृष्ण ग्याबियन जाली उद्योग प्रा ली | ४८४९९० | काम भएको प्राविधिक पुष्ट्याइ |
| जम्मा | | | ४,८४,९९० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६०७,१८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,९९० |

५५ **उपभोक्ता समितितर्फ**

५५.१ कार्यालयले योवर्ष गरेको पुँजीगत खर्च मध्ये देहाय बमोजिम १५१ वटा उपभोक्ता समितिहरूबाट रू.४,६४,४०,८५१।- को कार्य गराएकोमा रू.४५,९४,७३३।- को कार्य लागत/ जनसहभागिताबाट गराई बाँकी रू.४,१७,४६,११८।- पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | लागत/जनसहभागिताबाट भएको | कार्यालयको श्रोतबाट भुक्तानी |
|---|---|---|---|---|---|---|
| उपभोक्ता समिति | १५१ | ४९०२५७६७ | ४९०२५७६७ | ४६३४०८५१ | ४५९४७३३ | ४१७४६११८ |

उक्त कारोबारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

५५.२ **जनश्रमदान र लागत सहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँ सभाले उपभोक्ता वा लाभग्राही समूहबाट गराउने कार्यमा न्यूनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको छ भने १५ वटा योजनामा ३० प्रतिशतको लागत सहभागितामा उपभोक्ताबाट कार्य गराइएको देखियो। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ ।

५५.३ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र यस पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरू गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

५५.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरू मार्फत गरिएका कार्यहरूको भुक्तानी गर्दा केहीमा फोटाहरू संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्बन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरू संलग्न गरेता पनि कार्य सुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्बन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागि सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरूबाट कार्यहरू भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

५५.५ **तेश्रो पक्षबाट कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरी गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

५५.६ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।

अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरू गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरूमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागि मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरू रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरू उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरू भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागि समेत फरक फरक उपभोक्ता समितिहरू गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

५५.७ **मूल्य अभिवृद्धि करः** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मूल्य अभिवृद्धि कर बाहेक परिमाण र दर विश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मूल्य अभिवृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाई कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मूल्य अभिवृदद्धि कर रकममा नबढ्नेगरी मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मूल्य अभिवृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मूल्य अभिवृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मूल्य अभिवृद्धि करको सबै रकम उपभोक्ता समितिलाई भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मूल्य अभिवृद्धि कर रकम भन्दा बढी रकम निजलाई भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्बन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

५५.८ **बजेट तथा कार्यक्रमको संशोधन**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्बन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाले योवर्ष प्रत्येक वडाको लागि बजेट र कार्यक्रम स्वीकृत गरेकोमा वडाहरूले योजनाहरू कार्यपालिकाबाट संशोधन तथा थपघट गरी कार्यान्वियन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । त्यसैगरी सभाबाट सुरुमा स्वीकृत पालिका स्तरिय योजनाहरू कार्यपालिकाको निर्णय र अध्यक्षबाट तोकादेश मार्फत संशोधन तथा थपघट गरी कार्यान्वन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । यसप्रकार सभाले सुरुमा बजेट तथा योजना स्वीकृत गर्दा र कार्यपालिकाको निर्णयबाट संशोधन भएका र नगरप्रमुखबाट तोकादेश भएका योजना तथा कार्यक्रम छनोट गर्दा नेपाल सरकारको खर्च बर्गिकरण र व्याख्या तथा बजेटको सिद्वान्त बिपरित पुंजिगत बजेटमा चालु तथा उपभोग र संचालन पकृतिका खर्च समेत समावेश गरी खर्च गर्ने गरेको पाइयो । यस प्रकार गरेको बजेट तथा कार्यक्रमको संशोधन र कार्यान्वयनलाई कानुन अनुरुप भएको भन्न मिल्ने देखिएन ।

५५.९ **सामुदायिक भवन निर्माण:** पालिकाले योवर्ष बिभिन्न वडाहरूमा सामुदायिक भवनहरू निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरू समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । जग्गाको लालपुर्जा प्राप्त गरी निर्माण कार्य गराउन तथा नाफामूलक संस्थाको भवन निर्माण अनुदान नदिने तर्फ पालिकाको ध्यान जानुपर्दछ । केही उदाहरणः

| भौ.नं. र मिति | उपभोक्ता समिति | लागत अनुमान (रु.) | सम्झौता ( रु.) | मूल्याङ्कन ( रु.) | भुक्तानी ( रु.) |
|---|---|---|---|---|---|
| १८।८।२८ | आरुस्वारा सामुदायिक भवन निर्माण उ स | २२०२७९ | २००००० | २१८४२६ | १९२४०२ |
| २३।९।१८ | मकैपुर कोटगाउँ सामुदायिक भवन निर्माण उ स | २२९५८५ | ३००००० | ३३७३८९ | २९१००० |
| २५।९।२२ | बयाक सामुदायिक भवन निर्माण उ स | २९४६८८ | २५०००० | २८७७८० | २४२५०० |
| ९७।१२।१९ | चण्डेश्वरी युवा क्लव भवन निर्माण उ स | २१७७९२ | २००००० | २१८४३३ | १९४००० |
| १२३।१२।२६ | रिपथोक आमा समुह | ३३४२१७ | ३००००० | ३२८८३४ | २८७४०० |
| १३९।१२।३० | जलदेवी युथ स्टार युवा भवन निर्माण | २१९९९५ | २००००० | २२३५३३ | १९४००० |
| २६५।३।११ | बक्रेश्वरी महिला सामुदायिक भवन निर्माण उ स | २१६३७९ | २००००० | २१६३७९ | १९४००० |

५५.१० **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरू मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरू निर्माण आदि कार्यसँग सम्बन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरूमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरू प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । केही उदाहरणः

| भौ.नं. | उपभोक्ता समिति | लागत अनुमान (रु.) | मूल्याङ्कन (रु.) | भुक्तानी (रु.) | हेभी इक्वीपमेन्ट रकम (रु.) |
|---|---|---|---|---|---|
| २६ | कच्ची सडक सरसफाई उपभोक्ता समिति वडा नं ६ | ४३२८५९ | ४३१६८७ | ३८६९४९ | ४३०६९९.९८ |
| २८ | सडक सुधार योजना उ स वडा नं ८ | ८०४७४० | ८०८६२८ | ७२७५०० | ५४२८०० |
| ३३ | कच्ची सडकहरू स्तरोन्नति उ स वडा नं १ | ३३३७१७ | ३३४७९१ | २९१००० | ३००००१ |
| ३४ | कच्ची सडकहरू स्तरोन्नति उ स वडा नं ७ | ६४६७१८ | ६४१३४७ | ५७७१६६ | ५८७२०० |
| ३९ | कच्ची सडकहरू स्तरोन्नति उ स वडा नं ३ | ५००३७१ | ४९५७५९ | ४३२४७६ | ४४७९३२ |
| ४७ | कच्ची सडक स्तरोन्नति वडा नं २ | २२२३६६ | २२२७४८ | १९४००० | २०२५०० |
| ५० | विरेन्द्रचोक लुदिखोला महेन्द्र शक्ति वडा कार्यालय हुँदै मनकामना सडक उ स | ७०८०१३ | ७११९२८ | ६३०५०० | २५०९०० |
| ६६ | पोखरी खान्चोक हुँदै हुडे नेपगान सडक स्तरोन्नति उ स | २१६८८३ | २२०७१६ | १९४००० | २०१००३ |
| ७० | आहालडाँडा थानीथान बयाक स्तरोन्नती उ स | २२०१९५ | २१६७९५ | १९१००४ | १४१००७ |
| ७६ | कालिवर्रा आरुबोट हुँदै डाँडागाउँ सम्मको मोटरबाटो स्तरोन्नती | ४३४८७९ | ४३५५६५ | ३८८००० | ४००००० |
| ७७ | कच्ची सडक सरसफाई उपभोक्ता समिति वडा नं ४ | ५४०४५५ | ५३४८७५ | ४७९९९२ | ४२४८६५ |
| ८७ | चापाबोट ज्यादुल खोला अधुरो मोटर बाटो उ स | २२११८२ | २२६९४० | १९४००० | २००००० |
| १४० | ज्यामिरस्वारा राइनास सडक स्तरोन्नति उ स | ५४४२८० | ५४७४०१ | ४८५००० | २९०००० |
| १५० | दश किलो शिखर डाँडा वडा कार्यालय मनकामना सडक उ स | ७०४८९२ | ७०७३४३ | ६३०५०० | ४४४०११ |
| १५१ | काहुले कुटमेरे जलकन्या सडक स्तरोन्नति उ स | २२०४०९ | २०८३६४ | १८३३९७ | २२२००१ |
| ६११ | सानो दिप्लिङ मार्के सडक उ स | ७७१५५० | ७७४४९८ | ६७९००० | ७७४४४४ |
| २३३ | कच्ची सडक स्तरोन्नति वडा नं ९ | ४९४२०७ | ४१९५९३ | ३७०५९८ | ३६१२९१ |
| २९५ | गुर्दुम बक्राङ ग्रामिण सडक उपभोक्ता समिति | ७५७७९६ | ७६०५९२ | ६७९००० | ४२५१९४ |
| २९९ | त्रिवेणी मनकामना सडक स्तरोन्नती | ५७२३५० | ५७०८६५ | ४८३७४० | ५०१७२० |
| ३१५ | भैसेपोल सडक स्तरोन्नति उ स | ५५१२९५ | ५५१२२९ | ४८४९४० | ४०२००० |
| ३२९ | पोखरी डाँडा सिबले सडक निर्माण उ स | २१९७०१ | २२०८१८ | १९४००० | २०४००० |
| ३३१ | आँपस्वारा अधुरो सडक निर्माण उ स | ३२५५१२ | ३१२२२५ | २७९१२० | २८०२४० |
| ३४३ | डाँडागाउँ उम्लुङ गिदेलडाँडा ढाड सिमडाँडा सडक स्तरोन्नती उ स | ६६६७३३ | ४९५५२१ | ४३२५४५ | ५०२०३९ |
| चालु ११०२ | बक्राङ दिप्लिङ गुर्दुम ग्रामिण सडक स्तरोन्नती उ स | २२०२६७ | २२३५०१ | १९४००० | २०००६५ |

५५.११ **अनुगमन समितिः** गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै विकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रू.५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा गाउँपालिका स्तरीय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर

गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरूमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी गाउँपालिका स्तरीय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

५५.१२ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरूमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

## ५६ आनुपातिक कट्टी

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको उपभोक्ता समितिहरूबाट भएको कार्यमा कम आनुपातिक कट्टी गरी भुक्तानी दिएको देखिदा बढी भुक्तानी भएको सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | उपभोक्ता समिति | कन्टिन्जेन्सी बाहेक बजेट (रु.) | लागत अनुमान (रु.) | मूल्याङ्कन (रु.) | भुक्तानी भएको (रु.) | हुनुपर्ने (रु.) | फरक (रु.) |
|---|---|---|---|---|---|---|---|
| १०७।१२।२० | सुप्रिना पशुपंक्षी तथा कृषि फर्म | ९७००० | ११०८८६ | ८७२४७ | ८७२४६ | ७६३२१ | १०९२५ |
| २४०।३।२ | खानेपानी मूल निर्माण उ स | २४२५०० | २७६०३६ | २५७९७२ | २५०००० | २२६६३१ | २३३६९ |
| २५९।३।११ | कोटकाली मन्दिर व्यवस्थापन | १९४००० | २१६७३५ | १६८११० | १९४००० | १५०४७५ | ४३५२५ |
| | | | | | | जम्मा | ७७८१९ |
| | | | | | | असुल गर्नुपर्ने | ७७,८१९ |

## ५७ न्यून बिजकीकरण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सामान खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | सामग्री | परिमाण ( बोरा/घ.मि./ गोटा) | भुक्तानी दर (रु.) | खरिद दर (रु.) | फरक ( रु.) | भ्याट सहित फरक (रु.) |
|---|---|---|---|---|---|---|---|
| १८।८।२८ | आरुस्वारा सामुदायिक भवन निर्माण उ स | इँटा | ३७५५ | १६ | ११ | ५ | २१२१६ |
| २३।९।१८ | मकैपुर कोटगाउँ सामुदायिक भवन निर्माण उ स | इँटा | ५५०० | १६ | १२ | ४ | २४८६० |
| २५।९।२२ | बयाक सामुदायिक भवन निर्माण उ स | इँटा | १०३०० | १६ | ११ | ५ | ५८१९५ |
| ४५।१०। १६ | थापागाउँ सिढीबाटो निर्माण | opc सिमेन्ट | ६४ | ७१० | ४०६ | ३०४ | २१९८५ |
| ६३।११। १० | महादेवपुर गोरेटो बाटो स्तरोन्नति उ स | opc सिमेन्ट | १२५ | ७१० | ५२५ | १८५ | २६१३१ |
| ७२।११। २२ | अन्नपुर्ण मन्दिरबाट भाङ्गबारी हुँदै पर्यटन मार्ग | opc सिमेन्ट | १०० | ७१० | ५०० | २१० | २३७३० |
| ९६।१२। ११ | खगी कान्ले चौतारा देवीथान तल्लोगाउँ हुँदै रातमाटे सडक स्तरोन्नति उ स | opc सिमेन्ट | १२० | ७१० | ४८० | २३० | ३११८८ |
| ११६।१२। २६ | सातदोबाटो अधुरो सामुदायिक भवन तथा शौचालय निर्माण उ स | इँटा | ६०५० | १६ | ११ | ५ | ३१७९० |
| १२३।१२। २६ | रिपथोक आमा समुह | इँटा | ५५६० | १६ | ११ | ५ | २९२१५ |
| १३०।१२। २७ | अँधेरी गाउँ शिव मन्दिर पुननिर्माण | ppc सिमेन्ट | १६६ | ६१० | ४८५ | १२५ | २३४४८ |
| १४५।१।७ | नामजुङ कृषि उपज प्रदर्शनी केन्द्र निर्माण | इँटा | ५००० | १६ | ९ | ७ | ३८४२० |
| | | opc सिमेन्ट | १४० | ७१० | ५२० | १९० | ३००५८ |
| १४६।१।७ | ढाँडबारी बसपार्क तिनघरे सडक स्तरोन्नति उ स | opc सिमेन्ट | २९७ | ७१० | ६२८ | ८२ | २७४१३ |
| १५७।१। १७ | एक घर एक धारा निर्माण उ स | opc सिमेन्ट | २५० | ७१० | ६२० | ९० | २५४२५ |
| २६७।३। ११ | वडा नं ९ भित्रका सिँढीबाटो मर्मत उ स | opc सिमेन्ट | ११३ | ७१० | ५३१ | १७९ | २२८६० |
| ३०७।३। १८ | ठेवाटार पाड्दुरे खोला कल्वट निर्माण | opc सिमेन्ट | १०६ | ७१० | ५४९ | १६१ | १९३२४ |
| ३३४।३। २० | खानेपानी ट्याङ्की निर्माण उ स वडा नं ४ | opc सिमेन्ट | १४५ | ७१० | ५४९ | १६१ | २६४३४ |
| | | | | | | जम्मा | ४,८१,६९२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३०,८४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ४,८१,६९२ |
|---|---|

५८ **समूह तथा उपभोक्ता समितिद्धारा खरिद**

सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामाग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसम्मत नभएको रू.

| भौ.नं. रमिति | विवरण | उपभोक्ता समिति | रकम (रु.) |
|---|---|---|---|
| १०३४ २०८१।३।२३ | लुगा सिलाउने मेसिन | कानटार दलित महिलासमूह | ५०००० |
| | | मनकामना दलित समूह | ५०००० |
| ८४१ २०८१।३।१८ | वाख्राको पाठा खरिदद | नागरिक सचेतना केन्द्रभवन निर्माण उ स | २५००० |
| ८११ २०८१।३।१८ | कुखुरा चल्ला दाना | मिलिजुली कोशिश महिलाकृषक समूह | ५०००० |
| ७७१ २०८१।३।१७ | खुर्सानी पिस्ने मेसिन | बाल कन्या कोशिस महिलाउद्यमी कृषक समुह | ५०००० |
| ७१० २०८१।३।१३ | वाख्राको पाठा खरिदद | शिवालय दलित महिलाकृषक समुह | ५०००० |
| ६५३ २०८१।३।५ | टपरी बनाउने मेसिन | लगनशिल कृषक महिलासमूह | ५०००० |
| ६०६ २०८१।२।२८ | धान पिस्ने मेसिन खरिद | दलित कोशिश महिला कृषकसमूह | ५०००० |
| ५२० २०८१।२।१३ | बाख्रा तथा बोका खरिद | नागरिक सचेतना केन्द्रमहिला समुह | २५००० |
| | | लालुपाते कोशिस महिला कृषि समुह | ५०००० |
| ४१७ २०८१।१।१७ | कुखुरा चल्ला दाना | मिलिजुली कोशिश महिलाकृषक समूह | ५०००० |
| ५१४ २०८१२।१३ | बाख्रा खरिद | नागरिक सचेतना केन्द्र | २५००० |
| ५१६ २०८१।२।१३ | कुखुरा चल्ला खरिद | लालीगुरास कोशिस महिलाकृषक समूह | ५०००० |
| ५१८ २०८१।२।१३ | बाख्रा खरिद | मकैपुर नागरिक सचेतनाकेन्द्र | २५००० |
| ४०९ २०८१।१।१६ | बाख्रा खरिद | नागरिक सचेतना केन्द्र | २५००० |
| **जम्मा** | | | **६२५०००** |

| अनियमित भएको | ६,२५,००० |
|---|---|

५९ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र १२५ बमोजिम सार्वजनिक निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्छ ।यस पालिकाको राङ्दीखोला स्थित ८८ मि. लामो स्थित झोलुङ्गे पुल निर्माण गर्न उपभोक्ता समितिसँग रू.३२,७७,८४१/- को निर्माण सम्झौता मिति २०८०/१०/१४ मा भएकोमा निजले उक्त तोकिएको कार्य र गैर सरकारी संस्थाले दिएको सेवा समेत सम्पुर्ण कार्यको एकमुष्ठ रुपमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नेमा कार्यालयले उपरोक्त बमोजिम उपभोक्ता समितिले गरेको कार्यको मात्र कार्य स्वीकार प्रतिवेदन तयार पाइएबाट उक्त झोलुङ्गे पुल निर्माण कार्यको समग्र अवस्था यकिन हुन सकेन ।यसमा सुधार हुनुपर्दछ ।

६० **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसँग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी तथा दक्ष निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम स्वच्छ प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।यसको उदाहरण निम्न छन्:

| गो.भौ. नं / मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रु |
|---|---|---|---|
| २८४/०८१/३/१६ | विद्युत व्यवस्थापन उ. स. | बिद्युत व्यवस्थापनको कार्य, ताक्लुङ्ग ४ | १९०७४४ |
| ३७०/०८१/३/२३ | विद्युत व्यवस्थापन उ. स. | बिद्युत लाइन, तार तथा पोल व्यवस्थापन,ट्रान्सफरमर *क्षमता बिस्तार वडा नं. ३* | २०९८९० |
| ३६४/०८१/३/२३ | धारापानी चाप्पानी बझाङ्गी खा पा उ स | इन्टेक, फिल्टर टंकी, पम्म टंकी, फेरोसिमेण्ट टंकी, मुख्य पाइपलाइन ४५४ मि., सोलार प्रणाली जडान | १०००००० |

६१ **संघीय संस्थालाई सहयोग**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरूको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्बन्धित निकायहरूले खर्च गर्नुपर्ने प्रावधानहरू रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरूको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानीय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रू.

| भौ.नं.।मिति | कामको विवरण | कार्यालय | भुक्तानी रकम |
|---|---|---|---|
| ६५२०८०।६।३० | इन्धन तथादशै पुजा खर्च | इलाकाप्रहरी कार्यालय, मनकामना | १५००० |
| ७०२०८०।६।३० | दशै पुजा, मौलो पुजा, हतियार पुजा | घैरुङप्रहरी चौकी | १०००० |
| १४०२०८०।८।२७ | विपदव्यवस्थापन भवन निर्माण | सशस्त्रप्रहरी बल नेपाल २९ गुल्म | ९७००० |
| १८८२०८०।९।२४ | घर भाडा | घैरुङप्रहरी चौकी | ३०४९२० |
| १०१७२०८१।३।२२ | सवारी साधनमर्मत | घैरुङप्रहरी चौकी | ६९०० |
| ५८७२०८१।२।२३ | इन्धन तथामर्मत | राइनसप्रहरी चौकी | १३२६० |
| ४७८२०८१।२।१ | सवारी साधनमर्मत | घैरुङप्रहरी चौकी | ९२०० |
| **जम्मा** | | | **४५६२८०** |

| | |
|---|---|
| अनियमित भएको | ४,५६,२८० |

६२ **विद्युत महसुल भुक्तानीमा जरिवाना**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र उपदफा (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा रीतपुर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ । पालिकाले विभिन्न महिनाको बिद्युत महसुल भुक्तानी गर्दा नेपाल बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले गो भौ र मिति ९५८ २०८१।३।२२ बाट रू.१०७०८ जरिवाना तिरेकोले कार्यालयलाई बढी दायित्व श्रृजना भएको देखिन्छ यसरी गरिएको भुक्तानी अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | १०,७०८ |

६३ **प्रमाण पेस नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौचर नं।मिति | खर्चको विवरण | पेश गर्नुपर्नेविवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८८१ २०८१।३।२० | बाख्राවितरण कार्यक्रमामा विमा गरिएको बाख्राहुनुपर्ने २०८०।१०।४ को वडा समितिको निर्णयमा उल्लेख रहेता<br>पनिविमा गरेकोप्रमाण पेशनगरी ८ नं वडा कार्यालय वाट २० वटा<br>बाख्रा वितरण गरेकोले विमा गरेकोप्रमाण पेश हुनुपर्ने | खर्चको पुष्ट्याई हुनेप्रमाण पेश गर्ने<br>अन्यथा असुल गर्ने | १५३३०० |
| **जम्मा** | | | **१५३३००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,३०० |

६४ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले प्रतिफल अधिकतम नहुने र सो खर्च नगर्दा समेत कार्यसञ्चालनमा बाधाँ नपर्ने योजना तथा कार्यक्रममा कार्यविधि बेगर वितरणमुखी खर्च गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । आन्तरिक आम्दानी समेत न्युन रहेको र कालान्तरमा यस्ता खर्चले पालिकालाई कार्यसञ्चालनमा समेत थप दायित्व सृजना गर्ने हुनाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस्ता किसिमका विरणमुखि खर्चका केही उदाहरणहरू यस प्रकार छन्:

| गोभौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४३ २०८०।६।२५ | मानव सेवा आश्रम सहायता | मानव सेवा आश्रम गोरखा | १००००० |
| ८३ २०८०।७।१७ | लोक दोहोरी महोत्सव | राष्ट्रिय दोहोरीगीत प्रतिष्ठान नेपाल | ५०००० |
| २५७ २०८०।१०।२४ | गुठी पञ्चमी मेला | गोरखा उद्योग वाणिज्य संघ | २००००० |
| २९३ २०८०।११।११ | माघे सक्रान्ति मेला | हीमालय देवि युवा क्लब | ३५०००० |
| १०४७ २०८१।३।२३ | समवेदना भेटघाट कार्यक्रम | वडा सचिवहरू | ४९३१० |
| ७४७ २०८१।३।१६ | राष्ट्रिय सम्मेलन | गोरखा होटल संघ | १५००० |
| | | नेपाल मगर संघ गोरखा | ५०००० |
| ११८ २०८०।८।१२ | कला साहित्य | राष्ट्रिय दोहोरी गित प्रतिष्ठान | १००००० |
| २४ २०८०।६।२२ | कला साहित्य | अनिता अंगाइ | १०००० |
| २४ २०८०।६।२२ | कला साहित्य | सुवास रेग्मी | १०००० |
| ८३ २०८०।७।१७ | कला साहित्य | लाङ्गाली युवा क्लव ताक्लुङ्ग ६ | २०००० |
| २९२ २०८०।११।११ | खेल सहयोग | श्रीजना युवा क्लव माथिल्लो ग्याझा | २०००० |
| ७६१ २०८१।३।१६ | खेल सहयोग | श्रीजना युवा क्लव माथिल्लो ग्याझा | २०००० |
| ११३४ २०८१।३।२४ | खेल सहयोग | चण्डेश्वरी युवा क्लव | २०००० |
| १०३६ २०८१।३।२३ | खेल सहयोग | देउराली युवा क्लव | २०००० |
| ९३७ २०८१।३।२१ | खेल सहयोग | भिमसेन तारा युवा क्लव | २५००० |
| ९३६ २०८१।३।२१ | खेल सहयोग | पन्चकन्या युवा क्लव | २०००० |
| **जम्मा** | | | **१०७९३१०** |

६५ **शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा विनियोजित वजेट सम्बन्धित खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले रू.४,७२,७०८।- रकम शीर्षक फरक पारि खर्च लेखेको छ। अतः विनियोजित वजेट खर्च गर्दा शीर्षक फरक परेको अनियमित देखिएको रू.

| भौ नं मिति | खर्च शीर्षक | भएको खर्च | खर्चरकम |
|---|---|---|---|
| ९२८ २०८१।३। २१ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन | सेनेटरी प्याडको भेन्डरिङ मेसिन डिस्पोजल मेसीन र खानेपानी मर्मत | १६२८१३ |
| ७१७२०८१।३। १३ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन | जिल्ला भलिवल संघ गोरखा लाई अनुदान | ५०००० |
| ८६६२०८१।३। १९ | मेशिनरि तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | प्रिन्टर, इ हाजिरि मेसिन, मोवाइल सेट खरिद | १५९८९५ |
| ६१४२०८१।२। २९ | कृषक तालिम प्रदर्शन तथा प्रोत्साहन कार्यक्रम | जनप्रतिनिधि पदाधिकारीको क्षमता विकास तालिम | १००००० |
| | जम्मा | | ४७२७०८ |

| | |
|---|---|
| अनियमित भएको | ४,७२,७०८ |

६६ **प्रशिक्षक भत्ता** (६६१-२०८१-१-११):

प्रदेश खर्चको मापदण्ड, २०७९ मा तालिम केन्द्र बाहेकको तालिम सञ्चालन गर्दा अधिकृत स्तरको तालिम कार्यक्रममा कार्यपत्रको १००० र कक्षासञ्चालन वापत ८०० गरी रू.१८०० प्रशिक्षकले प्रशिक्षण भत्ता पाउने व्यवस्था रहेको छ । यस पालिकाले सञ्चालन गरेको न्यायिक समिति सदस्य मेलमिलापकर्ता तथा कर्मचारिहरूको मेलमिलाप सम्बन्धी ४८ घण्टे आधारभूत तालिम कार्यक्रम मा कानूनमा भएको व्यवस्था भन्दा बढी प्रशिक्षण भत्ता भुक्तानी गरेको देखिन्छ । सो बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| प्रशिक्षकको नाम | सेसन | कार्यपत्र र कक्षा सञ्चालन वापतको भुक्तानी | | बढी भुक्तानी |
|---|---|---|---|---|
| | | हुनुपर्ने | भएको | |
| कविता (खनाल) अधिकारी | २० | ३६००० | ५०००० | १४००० |
| बन्धुराज पौडेल | २० | ३६००० | ५०००० | १४००० |
| जम्मा | | | | २८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

६७ **सुरक्षित आप्रवासन परियोजना [SAMI – III]**

६७.१ बैदेशिक रोजगारलाई सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना (Safer Migration Programe: SAMI) सामी कार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत संचालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानीय तहमा संचालित यो परियोजना २०७५ भाद्र १ देखि संचालनमा रहेको मध्ये यस पालिकामा पनि संचालनमा रहेको छ ।यस परियोजना अन्तर्गत योवर्ष विनियोजन भएको रकम रू.२३ लाख मध्ये रु. २२९९८६९। खर्च भएको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गरेको नदेखिएकोले पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन । यसमा सुधार हुनुपर्दछ ।

६७.२ सामी कार्यक्रम संचालन गर्न सहयोगी संस्थाको रुपमा गोरखा जिल्लामा यो कार्यक्रमा लागु भएका ४ स्थानीय तह (गोरखा नगरपालिका, पालुङ्टार नगरपालिका, बारपाक सुलिकोट गाउँपालिका र शहिद लखन गाउँपालिका)ले संयुक्त रुपमा २०७९।६।३१ देखि २०८१।३।३१ सम्मको लागि एकीकरण नेपाल नामक गैह्र सरकारी संस्थासँग सम्झौता गरी कार्यक्रम संचालन गर्दै आएको पाइयो। उक्त संस्थासँग भएको संझौता समय आधारित (Time Based Contract) भएको व्यहोरा सम्झौतामा उल्लेख गरिएको छ । सम्झौताको Appedix A Terms of Reference को दफा ग.४.९ मा परामर्शदाताले संचालन र व्यवस्थापन गर्नुपर्ने प्रमुख कृयाकलापहरू उल्लेख रहेका छन् । दफा छ.२. मा उक्त कृयाकलापहरू संचालन गर्न आवश्यक पर्ने पद, योग्यता, जनशक्ति र कार्य गर्नुपर्ने अवधिको उल्लेख छ । Appedix D मा संस्थामा नियुक्त भएका जनशक्तिले समय र कामको आधारमा पाउने पारिश्रमिक लगायतको सुबिधाहरूको सम्वन्धमा उल्लेख छ । उक्त सस्थाले सम्झौताको २ बर्षको अवधिमा के कस्ता योज्ञता भएका जनशक्तिहरू नियुक्त गरी उनिहरूले कहिले कहिले के कति परिमाण र गुणस्तरमा कार्य सम्पादन गरे सोको आधार प्रमाण र पुष्ट्याइ पेश गरेको देखिएन संस्थाले चौमासिक रुपमा पेश गरेको संक्षिप्त रुपको भौतिक र वित्तिय प्रगति प्रतिवेदनको आधारमा कार्यालयले भुक्तानी गरेको जनाएकोमा सम्झौताका उक्त प्रावधानहरू पुरा गरेको देखिने गरी बिस्तृत प्रतिवेदन पेश भएको नदेखिएकोले पेश हुनु पर्दछ ।

६७.३ त्यसैगरी सम्झौताको Appedix A Terms of Reference को दफा ट. मा परामर्शदाताले करार सम्झौता सम्पन्न भए पछि प्रतिवेदन खण्ड ञ. मा उल्लेख भए बमोजिमको अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने, कार्य प्रगति प्रतिवेदन देखिने गरी तथ्याङ्क सहित संकलन भएको तथ्याङ्क, नक्सा, सर्वेक्षण प्रतिवेदनहरू र कार्य स्वीकार प्रतिवेदन समन्वयकर्तालाई बुझाउनु पर्ने प्रावधान रहेकोमा सो बमोजिम प्रतिवेदनहरू तयार गरी बुझाएको देखिन नआएको र संक्षिप्त प्रतिवेदन मात्र पेश भएको देखिएकोले सो बमोजिम देखिने गरी विस्तृत रुपको प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,९९,८६९ |

६८ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा मोटरबाटो सोलिङ्ग, गोरेटो बाटो निर्माण, ढल निकास, पोखरी तथा चौतारा निर्माण, सिढी निर्माण लगायतका १३ योजना सञ्चालन गरी यस वर्ष ८१ जनालाई औसत ९० दिनले ७२५१ दिन रोजगारी उपलव्ध गराई रु.५०,७५,७००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

६९ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोही कार्यक्रमको लागि ५४ जना स्वयंमसेविकाहरूलाई वार्षिक रू.१२,०००।– को दरले यातायात भत्ता रु. ६,४८,०००।- भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरी संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडि बढाउनुपर्ने देखिन्छ। आन्तरिक आम्दानी समेत कम रहेको पालिकाले दोहोरो पर्नेगरि खर्च गर्दा बढी व्ययभार परेको रकम अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,४८,००० |

७० **वडा समिति बैठक भत्ता**

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (क) मा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । तर सम्पुर्ण वडा कार्यालयमा भएका वडा समितिका बैठकमा बैठक सार्वजनिक बिदाका दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हो सो पुष्ट्याई हुने प्रमाण देखिदैन।यसरी मापदण्डले व्यवस्था गरेअनुसार कार्यालय समयमा बसेको बैठकको बैठक भत्ता वापत गो भौ नं ९६७ मिति २०८१।३।२२ बाट रू.१६,२०,०००। रकम भुक्तानी भएको देखिन्छ ।कानुनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना हुनुपर्ने देखिन्छ ।

७१ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४६ वटा विद्यालयमा ३३४ जना शिक्षक दरबन्दी भएकोमा ३३४ जना पदपूर्ति र पदपूर्तिमध्ये १८० जना स्थायी र १५४ जना राहत शिक्षक रहेको देखिन्छ ।

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/करार// राहत/अनुदान | |
| १ | ४६ विद्यालय | ३३४ | १८० | १५४ | ३२०९ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १० जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

७२ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। मिति २०८१।२।८ को कार्यपालिकाको निर्णयअनुसार पालिकाले मौजुदा सूचीबाट दररेट लिई प्रति प्याकेट (८ पिसको) मू. अ. कर सहित रू.५६।- को दरले हिसाब गरी IEMIS तथ्याङ्कको आधारमा १६ विद्यालयलाई ५८८ विद्यार्थीलाई १० महिनाको लागि प्रति महिना २ प्याकेटका दरले हिसाब गरी प्रति विद्यार्थी रू.११३०।- को दरले हिसाब गरी भौचर नम्बर १६५।२०८१।२।२२ बाट रू.६,६४,४४०।- निकासा दिएको छ । विद्यालयबाट प्राप्त विवरण अनुसार ११७८८ थान स्यानिटरी प्याड खरिद गरेकोमा ५९२२ वितरण गरी ५८६६ थान मौज्दात रहेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार प्रतिष्पर्धात्मक विधिबाट खरिद गरी विद्यालयहरूलाई हस्तान्तरण गर्नुपर्नेमा विद्यालयलले नै खरिद गरेको विवरण प्राप्त भएको छ । यसप्रकार पालिका आफुले कानुनसम्मत खरिद नगरी विद्यालयहरूले स्यवंले खरिद गर्दा खरिद कार्य टुक्रा हुन गएको र प्रतिष्पर्धा समेत न्युन तथा शून्य रहने हुँदा उक्त खरिद कार्य मितव्ययी हुन सकेको पाइदैन । खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

७३ **स्वयम् सेवक शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । त्यसैगरी संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । शहिद लखन गाउँपालिकाको स्वयम् शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८ को परिच्छेद ३ को दफा ४ मा नेपाल सरकारले प्रदान गरेको दरवन्दीले शिक्षक विद्यार्थी अनुपात नपुगेको अवस्थामा त्यस्तो विद्यालयमा गाउँपालिकाको निर्णयनुसार स्वयम् सेवक शिक्षकको व्यवस्था गरिने व्यवस्था छ । त्यस्तै, परिच्छेद-४ मा स्वयम् शिक्षकको म्याद बढीमा १ शैक्षिक सत्रको हुने र निर्वाह खर्च कार्यपालिकाको निर्णय अनुसार हुने उल्लेख छ । पालिकाले राजस्व बाँडफाँड खर्च शीर्षकबाट निम्नानुसार ३० विद्यालयका ३३ शिक्षकलाई प्रति महिना रू.१७,०००।– निर्वाह खर्च र चाडबाँड र पोशाक भत्ता समेत रू.७३,१ ५,२८०।- र ४ विद्यालयका निजी शिक्षकका लागि प्रति विद्यालय रू.५०,०००।– का दरले रू.२,५०,०००।– समेत

रू.७५,६५,२८०।- आन्तरिक श्रोतबाट करारमा राखिएको शिक्षकको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी विद्यार्थी संख्या रहेका १४ विद्यालयलाई समेत रु.२९,२०,१२८।- अनुदान निकासा दिइ खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक स्रोतको समेत आकलन गरी न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूलाई एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउनेतर्फ पालिकाले ध्यान दिनुपर्नेमा पालिकाको आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब वापत रकम अनुदान दिएको नियमसम्मत नदेखिएको रू.

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री बक्रेश्वरी प्रा.वि | १- ३ | ९ | १ | २१४००० |
| २ | बालज्योति प्रावि | १- ३ | १३ | १ | २१४००० |
| ३ | श्री सुन्तलाबारी बालस्मृती प्रा.वि | १- ३ | २८ | १ | २६४००० |
| ४ | श्री सिलिङ्टार प्रा.वि | १- ३ | १६ | १ | २१४००० |
| ५ | श्री त्रिवेणी प्रा.वि | १- ३ | २७ | १ | २१४००० |
| ६ | श्री प्रगति प्रा.वि | १- ३ | २८ | ० | ५०००० |
| ७ | श्री तोरेन प्रा.वि | १- ३ | २४ | १ | २१४००० |
| ८ | श्री चन्द्रकला प्रा.वि | १- ३ | १५ | ० | ५०००० |
| ९ | श्री मकैपुर प्रावि | १- ३ | १५ | २ | ४४४००० |
| १० | श्री जलदेवी प्रा.वि | १- ३ | ९ | ० | ५०००० |
| ११ | श्री चण्डिदेउराली प्रा.वि | १- ५ | ३५ | १ | ३८१३८७ |
| १२ | श्री बनौती प्रा.वि | १- ५ | ६४ | १ | ३६०७६६ |
| १३ | श्री जनज्योती प्रा.वि | १- ५ | ७७ | १ | २१४००० |
| १४ | श्री राइनास प्रा.वि | १- ५ | ६६ | २ | ४२८००० |
| १५ | श्री गण्डकी प्रा.वि | १- ५ | ५७ | १ | २१४००० |
| १६ | श्री मण्डली प्रा.वि | १- ३ | २४ | १ | १८२७४१ |
| १७ | श्री गणेश प्रा.वि | १- ५ | ३४ | १ | २१४००० |
| १८ | श्री लखन थापा प्रा.वि | १- ५ | ४७ | १ | २१४००० |
| १९ | श्री राम्चे प्रा.वि | १- ५ | ६९ | १ | २१४००० |
| २० | श्री कालिका अमरज्योति प्रा.वि | १- ५ | ३० | १ | २१४००० |
| २१ | श्री गंगाधर्म आ.वि | १- ८ | ५६ | १ | २१४००० |
| २२ | श्री महारुद्र आ.वि | १- ८ | १३१ | १ | १९४८०६ |
| २३ | श्री चण्डिका आ.वि | १- ८ | ११९ | २ | ४२८००० |
| २४ | श्री सरस्वती आ.वि | १- ८ | ७२ | १ | २१४००० |
| २५ | श्री बक्रेश्वर मा.वि | १- १० | ७६ | १ | २१४००० |
| २६ | श्री सिंजाली मा.वि | १- १० | २२८ | १ | २१४००० |
| २७ | श्री हिमालय मा.वि | १- १० | २११ | १ | २१४००० |
| २८ | श्री रामेश्वरी मा.वि | १- १० | १८९ | १ | २३७५८० |
| २९ | श्री महेन्द्रशक्ति मा.वि | १- १२ | ७५ | १ | २१४००० |
| ३० | श्री मनकामना मा.वि | १- १२ | ३३७ | १ | २१४००० |
| ३१ | श्री भगवती हिमालय मा.वि | १- १२ | १९६ | १ | २१४००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | श्री शहीद स्मृति मा.वि | १-१२ | २४१ | १ | २१४००० |
| ३३ | श्री जनशक्ति मा.वि | १-१२ | २०१ | १ | २१४००० |
| | | जम्मा | २८१९ | ३३ | ७५६५२८० |

| | |
|---|---|
| अनियमित भएको | ७५,६५,२८० |

७४ **पारिश्रमिक कर**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,०५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **विद्यालय परीक्षा, मर्मत सम्भार, विद्युत, खानेपानी महशुल अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.१३.५० मा इन्टरनेट र विद्युत जडान महसुल, विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी, सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर) लगायतका क्रियाकलाप गर्न प्रति विद्यालय लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालय अनुदान शीर्षकबाट बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभूत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभूत तह (कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह (कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह (कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी. रु.२५०।– दरले विद्याललाई एकमुष्ट अनुदान दिने व्यवस्था छ । साथै क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन व्यस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विभिन्न

गोश्वार भौचरबाट संघीय सशर्तबाट विद्यालय व्यवस्थापन अनुदान र प्रति विद्यालय लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालय अनुदान दिएकोमा सोही प्रकृतिको कार्यको लागि गाउँपालिकाको निर्णयानुसार संघीय समानीकरण चालु शीर्षकबाट विद्यालय परीक्षा सञ्चालन, मर्मत सम्भार, विद्युत खानेपानी महशुल खर्च शीर्षकबाट प्रति विद्यालय कक्षा १-३ रू.३०,०००।-, १-५ रू.३५०००।-, १-८ रू.४०,०००।-, १-१० रू.६०,०००।– र १-१२ रू.६५,०००।– दरले ४६ सामुदायिक विद्यालयलाई भौ.नं.३५४।२०८०।१२।२१ बाट रू.१८,४०,०००।- निकासा दिई खर्च लेखेको छ। सोही प्रकृतिको कार्यको लागि संघीय सशर्तबाट अनुदान निकासा गरेको अवस्थामा पालिकाको आन्तरिक स्रोतको विश्लेषण नगरी समानीकरण अनुदान शीर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा गरेको खर्चलाई कानुनसम्मत भन्न मिल्ने नदेखिएकोले अनियमित भएको रू.

**कार्यालयको भनाइः** यो अनुदान प्रदान गरेपश्चात विद्यार्थीबाट परीक्षा शुल्क नलिएको र उक्त अनुदानबाट विद्यालय परीक्षा सञ्चालन र विद्युत महशुलमा खर्च गर्ने गरेको ।

| | |
|---|---|
| अनियमित भएको | १८,४०,००० |

७६ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा १७२२ विद्यार्थीको प्रति विद्यार्थी रू.१५।- को दरले १९१ दिनको रु.४९,२१,०१५।- निकासा गरी खर्च लेखेको छ । पुस्तिका बमोजिम १८० दिनभन्दा ११ दिनले हुने रू.२,८४,१३०।– विद्यालयलाई बढी निकासा गएको सम्बन्धमा पालिकाबाट यकिन गरी तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

**कार्यालयको भनाइः** समग्रमा विद्यालयहरू परीक्षासहित १९१ दिनभन्दा बढी सञ्चालन भएको र तथ्याङ्क र हाजिरी सत्यापन गरेर मात्र निकासा गरेको ।

७७ **निःशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

७८ **न्यून विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ४६ रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा

रू.१९,४३,९९,१६२।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार २५ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरूलाई उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउनेतर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गई कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत विद्यालय संख्या, विद्यार्थी संख्या र विद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छः

| सिन | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थीको संख्या | कुल शिक्षक | यो वर्ष कुल निकासा रु |
|---|---|---|---|---|---|
| १ | श्री इन्द्र प्रा.वि | १- ३ | ९ | २ | ११११५२७४ |
| २ | श्री लक्ष्मी प्रा.वि | १- ३ | १० | २ | १००३२७१ |
| ३ | श्री बक्रेश्वरी प्रा.वि | १- ३ | ९ | २ | १०१४६२१ |
| ४ | बालज्योति प्रावि | १- ३ | १३ | ३ | १५७९०६१ |
| ५ | श्री सुन्तलाबारी बालस्मृती प्रा.वि | १- ३ | २८ | ३ | १६६४२८१ |
| ६ | श्री सिलिङटार प्रा.वि | १- ३ | १६ | २ | १०४०३९६ |
| ७ | श्री करन्टार प्रा.वि | १- ३ | १४ | २ | १०३२१३९ |
| ८ | श्री त्रिवेणी प्रा.वि | १- ३ | २७ | ३ | १७२३३३७ |
| ९ | श्री चण्डेश्वरी प्रा.वि | १- ३ | २३ | ३ | १६०९२४७ |
| १० | श्री शहीद सन्देश प्रा.वि | १- ३ | १२ | २ | ९६१३१६ |
| ११ | श्री प्रगति प्रा.वि | १- ३ | २८ | ३ | १५९७५३३ |
| १२ | श्री तोरेन प्रा.वि | १- ३ | २४ | ३ | १५२६९५३ |
| १३ | श्री जलकन्या प्रा.वि | १- ३ | १० | ३ | १६३०९८० |
| १४ | श्री दुर्गा प्रा.वि | १- ३ | ६ | २ | ९९३२५२ |
| १५ | श्री चन्द्रकला प्रा.वि | १- ३ | १५ | २ | १०८८४८१ |
| १६ | श्री पिपला पोखरी आ.वि | १- ३ | ४ | २ | ११८७४४४ |
| १७ | श्री मकैपुर प्रावि | १- ३ | १५ | ३ | १२६०३८२ |
| १८ | श्री दाहाले प्रावि | १- ३ | ११ | १ | ५३७२७३ |
| १९ | श्री जलदेवी प्रा.वि | १- ३ | ९ | २ | ११८८०९४ |
| २० | श्री चण्डिदेउराली प्रा.वि | १- ५ | ३५ | ६ | २६२९४६४ |
| २१ | श्री बनौती प्रा.वि | १- ५ | ६४ | ६ | ७१६८८०२ |
| २२ | श्री जनज्योती प्रा.वि | १- ५ | ७७ | ७ | ३४०९५५१ |
| २३ | श्री राइनास प्रा.वि | १- ५ | ६६ | ७ | ३०७४३५५ |
| २४ | श्री गण्डकी प्रा.वि | १- ५ | ५७ | ६ | २५३८८८१ |
| २५ | श्री मण्डली प्रा.वि | १- ३ | २४ | ४ | १९२००३९ |
| २६ | श्री गणेश प्रा.वि | १- ५ | ३४ | ६ | २४९१४१७ |
| २७ | श्री लखन थापा प्रा.वि | १- ५ | ४७ | ६ | २६७०२४१ |
| २८ | श्री राम्चे प्रा.वि | १- ५ | ६९ | ६ | ३४२१०५० |
| २९ | श्री भीमसेन प्रा.वि | १- ५ | ३५ | ६ | २९२०६२५ |
| ३० | श्री कालिका अमरज्योति प्रा.वि | १- ५ | ३० | ४ | १८७२५९७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्री थानी आ.वि | १-८ | ४१ | ७ | ३६३५८३५ |
| ३२ | श्री गंगाधर्म आ.वि | १-८ | ५६ | ९ | ४११२७९३ |
| ३३ | श्री महारुद्र आ.वि | १-८ | १३१ | १० | ५६१२८८२ |
| ३४ | श्री चण्डिका आ.वि | १-८ | ११९ | ११ | ५३६२४९५ |
| ३५ | श्री सरस्वती आ.वि | १-८ | ७२ | १० | ४९९८९६८ |
| ३६ | श्री बक्रेश्वर मा.वि | १-१० | ७६ | १४ | ८२८६८५० |
| ३७ | श्री सिंजाली मा.वि | १-१० | २२८ | १६ | ९२५४३८३ |
| ३८ | श्री जलदेवी मा.वि | १-१० | १११ | १४ | ९५३४४३० |
| ३९ | श्री सिद्धस्थानी मा.वि | १-१० | १०४ | १४ | ९२५९७३४ |
| ४० | श्री हिमालय मा.वि | १-१० | २११ | १५ | ९३६७५०७ |
| ४१ | श्री रामेश्वरी मा.वि | १-१० | १८९ | १६ | ९३६९७७६ |
| ४२ | श्री महेन्द्रशक्ति मा.वि | १-१@ | ७५ | १५ | ९०५७०५७ |
| ४३ | श्री मनकामना मा.वि | १-१२ | ३३७ | १९ | १२७२६१३८ |
| ४४ | श्री भगवती हिमालय मा.वि | १-१२ | १९६ | १७ | ११०८८३१० |
| ४५ | श्री शहीद स्मृति मा.वि | १-१२ | २४१ | १९ | १२८४६३५५ |
| ४६ | श्री जनशक्ति मा.वि | १-१२ | २०१ | १९ | १२०१५२९२ |
| | | जम्मा | ३२०९ | ३३४ | १९४३९९१६२ |

७९ **कोभिड १९ परिपुरण सिकाइ निरन्तरता**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.१३.४९ मा अतिरिक्त कक्षा, उपचरात्मक कक्षा र अभ्यास कक्षा लगायतबाट लाभान्वित विद्यार्थीहरूको विवरण IEMIS को Education in Emergency Button मा अपडेट गर्न लगाई उक्त अपडेट भएको Excel File लाई IEMIS को Online Portal मा अपलोड गर्न लगाउने र सो कार्यको अनुगमन स्थानीय तहले गर्ने साथै सोही क्रियाकलापको उपक्रियाकलाप ९ मा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्न रकम अपुग भएका आफ्नो स्रोतबाट व्यहोर्ने गरी थप स्रोतको व्यवस्था गर्ने उल्लेख छ । पालिकाले कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि मिति २०८०।७।२ कार्यपालिकाको निर्णयानुसार १ घण्टा अतिरिक्त कक्षा सञ्चालन गरेवापत बढीमा १२० पिरियड कक्षाका लागि कक्षा ३ देखि ५ लाई प्रति पिरियड रू.२००।– र कक्षा ६ देखि ८ लाई रू.२५०।– दरले अनुदान दिने निर्णय भएको छ । सोही बमोजिम कक्षा सञ्चालनको लागि पालिका अन्तर्गतका २७ सामुदायिक विद्यालयहरूलाई संघीय सशर्त भौ.नं. ३०४।२०८१।३१ बाट रू.४,२५,०००।– र गाउँपालिका चालु भौ.नं. ९३०।२०८१।३।२१ राजस्व बाँडफाँड शीर्षकबाट रू.११,००,६००।– समेत रू.१५,२५,६००।– अनुदान निकासा दिएकोमा निम्नानुसार विद्यालयहरूलाई १२० पिरियड भन्दा बढी कक्षाको अनुदान उपलब्ध गराएको नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | विद्यालयको नाम | कक्षा ३ देखि ५ | कक्षा ६ देखि ८ | निकासा रकम | हुनुपर्ने निकासा | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री थानी आ.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| २ | श्री गंगाधर्म आ.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ३ | श्री महारुद्र आ.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ४ | श्री चण्डिका आ.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ५ | श्री सरस्वती आ.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ६ | श्री बक्रेश्वर मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ७ | श्री सिंजाली मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ८ | श्री जलदेवी मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ९ | श्री सिद्धस्थानी मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| १० | श्री हिमालय मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| ११ | श्री रामेश्वरी मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| १२ | श्री महेन्द्रशक्ति मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| १३ | श्री मनकामना मा.वि | १२३ | २६७ | ९१३५० | ८४००० | ७३५० | २ सेक्सन |
| १४ | श्री भगवती हिमालय मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| १५ | श्री शहीद स्मृति मा.वि | १२२ | २१९ | ७९१५० | ५४००० | २५१५० | |
| १६ | श्री जनशक्ति मा.वि | १२३ | २१९ | ७९३५० | ५४००० | २५३५० | |
| | जम्मा | १९६७ | ३५५२ | १२८१४०० | ८९४००० | ३८७४०० | |

**कार्यालयको भनाइः** आ.व. २०८० को वार्षिक स्वीकृत कार्यक्रममा १२० घण्टा अतिरिक्त कक्षाको लागि विनियोजन गरेतापनि सशर्त अनुदानको Real Plan अतिरिक्त कक्षाको ९९ घण्टा थप भइ दुबै कार्यक्रमको एकसाथ भुक्तानी गरिएकाले बढी पिरियड देखिएको ।

| | |
|---|---|
| अनियमित भएको | ३,८७,४०० |

८० **उत्कृष्ट प्रोत्साहन अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को २.७.१३.१३ मा शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई रू.२ लाख देखि ३ लाख सम्म कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने उल्लेख छ । पालिकाले भौचर नम्बर २१७।२०८१।३।११ बाट सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजि प्राप्त गरेको समष्टिगत अङ्कको आधारमा प्रथम स्थान हासिल गरेको जनशक्ति मा.वि. रू.३,००,०००।– प्रोत्साहन अनुदान दिएको छ । विद्यालयले प्राप्त गरेको अनुदानबाट शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक समेचतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तरक्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिने जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा CTEVT को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान अन्तर्गत कार्यरत शिक्षक तथहरूको तलब भत्ता लगायतमा रू.२,७०,२७०।– खर्च गरेको छ । प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तहमार्फत अनुदान वितरण मापदण्ड,२०८० को दफा ५(ग) मा उक्त कार्यको लागि प्रति विद्यालय रू.७ लाख अनुदान दिने उल्लेख छ । पालिकाले मापदण्ड अनुसार विद्यालयको योग्यता नपुगेकोले अनुदान उपलब्ध नगराएको भनी प्रोत्साहन अनुदान शीर्षकबाट उक्त विद्यालयमा कार्यरत शिक्षकको तलब भत्तामा खर्च गरेको बिल भरपाइ पेस गरेको पाइएकोले पुस्तिकाले तोकेअनुसारका क्रियाकलापमा खर्च गर्नुपर्दछ ।

८१ **मकै सुकाउने त्रिपाल**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुंदा नं ४०(५क) मा बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई श्रोत बीउ, बीउ ग्रेडर, प्याकेजिङ मेसिन, सीड ट्रिटर, लेभलिङ मेसिन बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, त्रिपाल लगायतका सामग्रीहरू आवश्यकताका आधारमा ५० प्रतिशतसम्म अनुदानमा वितरण गर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ११७।२०८१।१।१४ बाट मकै सुरक्षित भण्डारका लागि मकै सुकाउने १५×१८ साइजको ८२ थान इन्डियन त्रिपाल रू.१,५९,९००।८७ मा न्यू श्रेष्ठ ट्रेड एण्ड सप्लायर्स, भरतपुरसँग खरिद गरी ८ कृषक समूहलाई वितरण गरेको छ । कार्यविधि बमोजिम ५० प्रतिशतले हुने रु.७९,९५०।४३ अनुदान भुक्तानी गर्नुपर्नेमा ७५ प्रतिशतले हुने रु.१,१९,९२५।६५ अनुदान भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.३९,९७५।२२ असुल गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,९७५.२२ |

८२ **कृषि एप (सफ्टवेयर)**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३८९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८३ **मकैबाली प्रवर्द्धन कार्यक्रम** (७८-२०८०-१२-७):

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुंदा नं ३९(५.क) मा पहाडी जिल्लामा स्थानीय तहहरूको हकमा नेपाली खुला सेचित जातको मकैको बीउ प्रति किट १ किलो सत प्रतिशत अनुदानमा उपलब्ध गराउने र प्रति किलो बीउको लागि बढीमा रू.१००। दरले हुने गरी बीउ उपलब्ध गराउने सकिने व्यवस्था छ । पालिकाले भौ.नं. ७८।२०८०।१२।७ बाट १००० केजी मकैको बीउ रू.१२०।– मा जैसी डाँडा कृषक समूहसँग रू.१,२०,०००।- खरिद गरेको छ । कार्यविधिले तोकेको दरभन्दा बढी दर राखी खरिद गरेको रू.२०,०००।– अनियमित भएको रू.

**कार्यालयको भनाइः** जिल्ला दररेट रू.१५०। रहेकोमा रू.१२०। का दरले खरिद गरिएको जवाफ कार्यालयको रहेको छ ।

| | |
|---|---|
| अनियमित भएको | २०,००० |

८४ **रैथाने बाली प्रवर्द्धन कार्यक्रम** (७९-२०८०-१२-७):

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुंदा नं ४०(४.अ) मा रैथाने बालीको उन्नत एवं सूचिकृत रैथाने जात र स्थानीय स्तरमा लोकप्रिय जातको बीउ वितरण गर्न सकिनेछ । सो का लागि पालिकाले भौ.नं. ७९।२०८०।१२।७ बाट ४१३ केजी कागुनोको उन्नत बीउ रू.३००।– मा घनपोखरा कृषि सहकारी संस्था लि. लमजुङसँग रू.१,२३,९००।- खरिद गरेको छ । कार्यविधिले तोकेको दरभन्दा बढी दर राखी खरिद गरेको रू.८२,६००।– अनियमित भएको रू.

**कार्यालयको भनाइ**: जिल्ला दररेट तोकिएको छैन । बजारमा उक्त सामान महंगो पर्न जाने जवाफ कार्यालयको रहेको छ ।

| | |
|---|---|
| अनियमित भएको | ८२,६०० |

८५ **बीमा गराउनुपर्ने**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा १५ मा नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पूर्वाधारहरूको बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । भविष्यमा हुनेसक्ने प्रकोप तथा क्षतिलाई न्यूनिकरण गर्न स्वास्थ्य परीक्षण तथा बीमा गराउनु अनिवार्य देखिन्छ। पालिकाले

देहायबमोजिमका अनुदानग्राहीहरूलाई अनुदान उपलब्ध गराउँदा पशुपन्छीहरूको स्वास्थ्य परीक्षण गरेको तथा बीमा गरेको प्रमाण पेश हुन आएन। बीमा गराएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | अनुदानग्राही | कार्यक्रम | पशुको संख्या | अनुदान प्रतिशत | भुक्तानी |
|---|---|---|---|---|---|
| १३०। २०८१।१। २६ | वडा नं. ८ मा १७ र वडा नं. १ मा ४१ जना | आधारमा पुनर्ताजकी र एडभान्स सीप विकास तालिम अन्तर्गत बोयर तथा खरि जातका पाठीहरू वितरण | बोयर जातका १७ पाठी र खरिजातका ४१ पाठी | ८० | २४२४०० |
| | | | **जम्मा** | | २४२४०० |
| | | | | प्रमाण पेश नगरेको | २,४२,४०० |

## ८६ कृषि पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ १७७ जना कृषक तथा कृषक समूहको लागि रु.५९ लाख २४ हजार र पशुतर्फरू.८ कृषक र २ सहकारी संस्थालालाई रू.१७ लाख ९५ हजार समेत रू.७७ लाख १९ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र. सं | अनुदानको किसिम | व्यक्ति।संख्या | रकम |
|---|---|---|---|
| | **कृषितर्फ** | | |
| १ | ७५ प्रतिशत अनुदानमामौरी सहितको घार वितरण | २५ जनालाई ४८ घारवितरण | ४००००० |
| २ | हाटबजार व्यवस्थापनकार्यक्रम १०० प्रतिशत अनुदान | १ वटा सहकारी | १००००० |
| ३ | प्लाष्टिक घर निर्माणसहयोग कार्यक्रम | १७ जनालाई २१ वटा | ३१५००० |
| ४ | ५० प्रतिशत अनुदानमाकृषि यान्त्रिकरण वितरण | बेसार पिस्ने मेशिन ४, कोदो चुट्ने मेशिन ३ र इलेक्ट्रिक स्प्रे ७ वटा | ३२०००० |
| ५ | साना सिंचाइ कार्यक्रम | ८ वटा फर्मलाई | ८००००० |
| ६ | सुन्तला जात फलफुलकोपकेट विकास कार्यक्रम | ४ वटा फर्मलाई | ६००००० |
| ७ | मकै मिसन कार्यक्रम | ४ वटा समुहलाई,विभिन्नतालिम, हाते ट्याक्टर ८ जना, | ९७५००० |
| | | मकैको बीउ वितरण-५९जना | |
| | | विषादी वितरण | |
| | | प्रविधी प्रर्द्धशन | |
| ८ | मकैको सुरक्षितभण्डारणको लागि त्रिपाल वितरण | ८ वटा समुह फर्मलाई ८२वटा त्रिपाल वितरण | |
| ९ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | मिनिटिलर ५, कोदोचुट्ने मेशिन ३ जनालाई | ५००००० |
| | | कागुनोको बीउ - २८ समूहलाई वितरण | |
| | | ४ होम स्टे संचालकलाई ५० प्रतिशत अनुदानमा३ वटा फ्रिज र ३ वटामाइक्रोओभन वितरण | |
| १० | च्याउको वीउ बितरणकार्यक्रम | सबै वडाका कृषक हरूलाईवितरण २७५ पोका | १५०००० |
| ११ | बीउ उत्पादन कार्यक्रम | त्रिपाल ८ कृषक समूह | १५०००० |
| | | १ समूह मकै छोडाउने मेशिन १ बोरा सिउने मेशिन १ | |
| १२ | तोरीको क्षेत्रविस्तार कार्यक्रम | २८६० के जी वीउ वितरण | ३००००० |
| १३ | विपन्न वर्गका कृषकलाईतरकारी बीउ वितरण | १२९० सेट | ४००००० |
| १४ | आकष्मिक बाली संरक्षणसेवा | मकै किराको लागिविषादी वितरण सवै वडामा | ३००००० |
| १५ | उत्पादनमा आधारितअनुदान कार्यक्रम | नयापुल कृषि उपजउपभोक्ता सहकारी वडा नं३ मार्फत् अनुदान रकम वितरण | ९००० |
| १७ | माटो परिक्षण ल्याब निर्माण | विभिन्न सामाग्री खरिद | ४८०००० |
| १८ | रेशम खेती विस्तारकार्यक्रम | एक वटा समुहलाई दिएको | १२५००० |
| | | जम्मा | ५९२४००० |
| | **पशुतर्फ** | | |

| | | | |
|---|---|---|---|
| १ | हरियो घाँस विस्तारकार्यक्रम | ५ जना व्यक्ति र १६ वटा सहकारी/फार्म/कृषक समूह | ६६९००० |
| २ | भैंसी प्रवर्द्धन /पकेट क्षेत्र बिकास/बिस्तार कार्यक्रम | ३ वटा सहकारी मार्फत५०% अनुदानमा १५ वटा भैंसी वितरण | ९५०००० |
| ३ | दुग्धजन्य उत्पादनमाआधारित अनुदान कार्यक्रम | २ वटा सहकारी | १७६५५४ |
| | | जम्मा | १७९५५५४ |
| | | कुल जम्मा | ७७१९५५४ |

## ८७ निःशुल्क स्वास्थ्य

जनस्वास्थ सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपिन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रकिया बारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारको यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ ।सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरिब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वतरण वापत बार्षिक कार्यक्रम अनुसार यस वर्ष यस निकाय/पालिका/अस्पताल बाट ८१ जनाको लागि रू.३८,७५,००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम,ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिक गर्नुपर्दछ ।

| क्र. स . | उपचारको किसिम | व्यक्तिको संख्या | रकम रू.हजारमा |
|---|---|---|---|
| १ | मृगौला रोग | १९ | ९६०००० |
| २ | क्यान्सर | ५५ | २५९०००० |
| ३ | मेरुदण्ड | ७ | ३२५००० |
| | जम्मा | ८१ | ३८७५००० |

## ८८ औषधि खरिद

८८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष एक बिक्रेताबाट इ बोलपत्रको विधिबाट रू.९,०६,०७५। र ३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट रु.३८,२३,७८९। समेत जनस्वास्थ्य सम्बन्धी औषधि, सर्जिकल र उपकरण तथा औजार खरिदमा जम्मा रू.४७,२९,८६४।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। त्यसैगरी ५ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट भेटेनरी सम्बन्धी औषधि खरिदमा जम्मा रू. १२,५८,२६०।- भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरूको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८८.२ **औषधि खरिद टुक्राएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रू.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधि तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक बिक्रेताबाट इ बोलपत्रको बिधिबाट लागत अनुमान भन्दा ५४.४३% घटीदरमा रू.९,०६,०७५। र सोही दरमा सोही बिक्रेताबाट थप रु. १४,६९,६८४।रकमको र ९ बिक्रेताबाट खुला ३ दरभाउपत्र सोझै दरको माध्यमबाट लागत अनुमान भन्दा न्युन तथा शुन्य प्रतिशत घटीदरमा रू. २३,५४,१०५।रकमको जनस्वास्थ्य सम्बन्धी औषधि खरिद गरी रू. ४७,२९,८६४। भुक्तानी गरेको छ। त्यसैगरी ५ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट लागत अनुमान भन्दा ०.०% घटीदरमा रू. १२,५८,२६०। रकमको भेटेनरी सम्बन्धी औषधि खरिद गरेको छ ।

| सि नं | खरिदको विवरण | खरिद विधि | आपूर्तिकर्ता फर्मको नाम | लागत अनुमान | प्रस्ताव संख्या | प्रथम घटी % | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | औषधि र सर्जिकल सामान खरिद | ई.विड. | युनिग्लोब हेल्थ केयर | ११९६३२०९ | ४ | ५४ | ९०६०७५ | ९०६०७५ |
| २ | स्वास्थ्य संस्थालाई उपकरण तथा औजार | कोटेसन | इभोलुसन कन्ट्र्या वटर्स प्रा.लि. | ४९७५३८ | ३ | २ | ४९११९७ | ४९११९७ |
| ३ | औषधि र सर्जिकल सामान | कोटेसन | गुडलक सर्जिकल | १४९९०६ | ३ | १ | १४८५९५ | १४८५९५ |
| ४ | गाउँघर क्लिनिक तथा खोप क्लिनिकको लागि सामग्री | कोटेसन | कुसुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम | १८६९४२ | ३ | ६ | १७६७९० | १७६७९० |
| ५ | आमा घर व्यवस्थापन | कोटेसन | कुसुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम | ८५५८८ | ३ | १२ | ७५८१० | ७५८१० |
| ६ | सुगर स्ट्रिप र युरिन स्ट्रिप खरिद | सोझै | मेडिजोन मेडिसिन | तयार नगरेको | | ० | २९९७१३ | २९९७१३ |
| ७ | औषधि खरिद | सोझै | युनिग्लोब हेल्थ केयर | तयार नगरेको | | ० | ५७७६०९ | ५७७६०९ |
| ८ | औषधि खरिद | सोझै | युनिग्लोब हेल्थ केयर | तयार नगरेको | | ० | ८९२०७५ | ८९२०७५ |
| ९ | डेंगु किट | सोझै | | तयार नगरेको | | ० | ९०००० | ९०००० |
| १० | प्रयोगशाला केमिकल | सोझै | | तयार नगरेको | | ० | ७८००० | ७८००० |
| ११ | आयुर्वेद औषधि खरिद | सोझै | | तयार नगरेको | | ० | ५९४००० | ५९४००० |
| १२ | आयुर्वेद औषधि खरिद | सोझै | | तयार नगरेको | | ० | ४००००० | ४००००० |
| | | | **जम्मा** | | | | | **४७२९८६४** |
| | भेटेनरी तर्फ | | | | | | | |
| १ | पशुपंक्षी उपचार | कोटेसन | मध्यनेपाल सामुहिक भेट फर्मा | तयार नगरेको | ३ | ० | ४७८६०२ | ४७८६०२ |
| २ | पशुपन्छीको आन्तरिक तथा वाह्य परिजिवि नियन्त्रण कार्यक्रम | कोटेसन | साप्कोटा भेट्स | ३८३८७७ | ३ | ० | ३७९८६४ | ३७९८६४ |
| ३ | कार्यलयमा पशु सेवा यन्त्र व्यवस्थापन | कोटेसन | गोरखा एग्रो हब प्रा.लि | १९०९९० | ३ | ० | १८१८४६ | १८१८४६ |
| ४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | कोटेसन | त्रियसा ट्रेडिङ्ग कन्सर्न प्रा.लि | १३३५४१ | ३ | ० | १२८०१३ | १२८०१३ |
| ५ | पशु स्वास्थ्य शिविर | सोझै | अनिता एग्रो कन्सर्न | तयार नगरेको | १ | ० | | ८९९३५ |
| | | | **जम्मा** | | | | | **१२५८२६०** |

८८.३ **औषधिको सदुपयोगः** आर्थिक कार्यबिधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरू रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघीय तथा प्रदेश सरकारका सम्बन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधि, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधि तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार

निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधिहरू यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधिहरू नोक्सानी हुनुमा तालुक सरकारका निकायहरूले घटी म्याद भएका औषधिहरू ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाई लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधिहरू कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरूबाट असुल हुनु पर्दछ ।

| औषधिको नाम | प्राप्ति ( खरिद / प्रदेश सरकार / संघिय सरका ) | म्याद समाप्त मिति | परिमाण |
|---|---|---|---|
| म्याग्नेसियम सल्फेट | प्रदेश सरकार | ३०।०४।२०२४ | ३२ |
| एट्रोपिन सल्फेट | गा पा | ३०।०४।२०२४ | ३० |
| एमोमोक्सिसिलन २५० एम जि | गाउँपालिका | ३०।०४।२०२४ | २०० |
| सेनिटाईजर १०० एम एल | प्रदेश सरकार | ३०।०४।२०२४ | ७० |
| आई. यु . सि . डी . | प्रदेश सरकार | ३०।०४।२०२४ | ९ |
| जापानिज ईन्सेफ्लाईटिस | प्रदेश सरकार | ३०।०५।२०२४ | २ |
| भिटामिन ए | प्रदेश सरकार | ३०।०४।२०२४ | १० |
| सिरिञ्ज ५० एम एल | प्रदेश सरकार | ३०।०९।२०२३ | १९ |
| सिप्रोफ्लोक्सासिलिन २५० एम जि | गाउँपालिका | ३०।०९।२०२३ | ५५० |
| अल्बिन्डाजोल ४०० एम जि | प्रदेश सरकार | ३०।०९।२०२३ | १९०० |
| डिक्लोफिनेक ईनजेक्सन | प्रदेश सरकार | ३०।११।२०२३ | १० |

८९ **सामाजिक सुरक्षातर्फ**

८९.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्क्रिय लाभग्रहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नुपर्दछ।

८९.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्नेपर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैंक मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन ।निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरी सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

८९.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२०,३९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४२,६६०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **११,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,५९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,४६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,२६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ अनुसूची-७ ले ढुंगा, गिट्टी ग्राभेल र बालुवा लगायत नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनफिट रु.९। का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ । यस पालिका अन्तरगत निम्नानुसारका योजनाहरुमा निर्माण व्यवसायी मार्फत निर्माणा कार्यहरु गर्दा योजनाहरु संचालन गरेको ठाउमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा गण्डकी प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्वन्धित स्थानिय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिंदा नियमानुसार उक्त राजश्व बुझाएको प्रमाण पेश गरेको देखिएन।देहायका निर्माण कार्यमा निर्माण व्यवसायीहरुले पालिकाबाट ठेक्का विलको भुक्तानी लिंदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ। | 0.00 |

| क्र.स. | कामको विवरण | निर्माण व्यावसायी | ठेक्का नं | आइटम नं | खपत ढुंगा | खपत ग्राभेल | असुल गर्नुपर्ने रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | देउराली तिनघरे अवेक रानीश्वरा चिसापानी घैरुङ सडक स्तरोन्नति | नया वाटो।न्यू गोरखा मनकामना कन्सट्रक्सन जे.भी. | ०८-७९। ८० | १० ११ १२ १३ १४ | २७४१ घन मि. | २३७७ घन. मि. | १८६२८१२ |
| २ | पालका भवन कम्पाउण्डमा वाल निर्माण र लेभलिङ्गको कार्य | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | - | ४ र ५ | ६५.७८ घनमिटर | - | २३९४२ |
| ३ | गाउपालका भवन वरिपरी प्रोटेकसन र संरचना निर्माण कार्य | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | ०४-०८०। ०८१ | ३.१ र ३.३ | ४१३.५० घनमिटर | - | १५०५०३ |
| ४ | तिनमाने जुम्ली चौतारा राइनास सडक स्तरन्नोति | श्री न्यू गोरखा मनकामना कन्सट्रक्सन | ०३-०८०। ०८१ | ३.०२,४.०१ ४.०२,४.०३ ४.०४ | १३४.१० घनमिटर | २७६ घनमिटर | १४९२६५.६० |
| ५ | वासकोट पिपलछाप जयमिश्रवारा वतासे भन्जयाङ्ग सडक स्तरन्नोति | श्री न्यू गोरखा कन्सट्रक्सन | ०८-०८०। ०८१ | २.०४ २.०५ | २८ घनमिटर | ३३४ घनमिटर | १३१७५८ |
| ६ | गैरी चौतारा मैलुङ्ग बंकुट घाट सडक स्तरन्नोति | श्री डायमण्ड इन्फ्रा इन्जिनियरिङ्ग प्रा.लि. | ०९-०८०। ०८१ | ३.०२,४.०१ ४.०२,४.०३ | २६.०८ घनमिटर | ४०८.३६ घनमिटर | १५८१२४ |
| ७ | वक्राङ्ग डिप्लिङ्ग गुरधाम मास्की छाप सडक स्तरन्नोति | कृतिक निर्माण सेवा | Sq १७ ०७९।८० | २.०१.३.०१ ३.०२ | २३.४५ घनमिटर | ३३५.९९ घनमिटर | १३०८२६ |
| ८ | गैरी चौतारा जोगीडाडा देउराली छविसेफाट जयदुल खोला सडक स्तरन्नोति | कृतिक निर्माण सेवा | Sq १८ ०७९।८० | २.१.२.१ २.१.३.१ २.१.३.२ | ५४.२६ घनमिटर | ४५३.६० घनमिटर | १८४८४७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शहिद लखन गाउँपालिका, गोरखा , शहिद लखन गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | baburam magar | २०७९-५-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | santosh lamichhane | २०७६-८-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,५५०,८७९.८२ | १२,४४५,९२९ | ५,४२०,८८७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २८,४१७,६९५.८२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ९,५२०,६४१.६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,८९७,०५४.२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५५६६३४३९.७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७३०२४४४१.८ | **चालु खर्च** | ३७०५६३७५३.९१ |
| **प्रदेश सरकारबाट अनुदान** | २३५४०५०० | **पूँजीगत खर्च** | १५५७९०६२२ |
| **राजश्व बाँडफाँट** | ९९९२७३०७.६२ | **वित्तीय/अन्य व्यवस्था** | २२५५६१४०४ |
| **आन्तरिक आय** | २९२१८००७.४३ | | |
| **अन्य आय** | २२९५४५३३८.९८ | | |
| **कुल आय** | ७५५२५५५९५.८३ | **कुल खर्च** | ७५१९१५७७९.९१ |
| **बाँकी मौज्दात** | | ५९००३२५५.६६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।